जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

अवार्ड किन्न सकिन्छ भन्ने श्रद्धाको हातमा अवार्ड | पृष्ठ ४ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २५ | •अंक २१ | • २०८० साल जेठ २७ गते शनिबार (10 June, Saturday, 2023) | •पृष्ठ ८ | •मूल्य रु. ५।-


## नागरिकता विधेयक प्रमाणीकरणको कागजात मगाउने सर्वोच्चको आदेश

**टुडे समाचारदाता**

काठमाण्डु। नागरिकता विधेयक कार्यान्वयनको माग गर्दै तराई मधेशमा नागरिकताविहीनहरु आन्दोलित रहँदा राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको नागरिकता विधेयकको कपी मगाउन सर्वोच्च अदालतले आदेश दिएको छ।

शुक्रबार न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र सुष्मालता माथेमाको संयुक्त इजलासले प्रमाणीकरणको कपी मगाउने आदेश दिएको छ।

सर्वोच्चले राष्ट्रपतिबाट भएको प्रमाणीकरणको कपी मगाउने र अन्तरिम आदेश दिनुपर्ने कि नपर्ने भन्ने सम्बन्धमा छलफलका लागि जेठ ३० गते मंगलबारको पेशी तोक्ने आदेश गरेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट भएको नागरिकता विधेयक प्रमाणीकरण संविधानको भावना र मर्म विपरीत भएको भन्दै वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र अधिवक्ता बालकृष्ण न्यौपानेले सर्वोच्चले कार्यन्वयन नगर्न भन्दै रिट दर्ता गराएका थिए।

जेठ १९ गते दर्ता भएको उक्त रिटमाथि जेठ २१ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै उक्त ऐन कार्यान्वयन नगर्न/नगराउन भनेको थियो। साथै अन्तरिम आदेशको निरन्तरताका लागि सबै पक्षलाई छलफलमा बोलाएको थियो। रिट निवेदकहरुले निष्क्रिय भइसकेको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गरेको भन्दै उक्त कार्य संविधान विपरीत भएको जिकिर गरेका छन्।

> शुक्रबार न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र सुष्मालता माथेमाको संयुक्त इजलासले प्रमाणीकरणको कपी मगाउने आदेश दिएको छ ।

मधेशमा लाखौं युवाहरु नागरिकता नपाएर उच्च शिक्षा हासिल गर्न सकेका छैनन् भने वृद्धा पेन्सन पाउने उमेर काटिसकेकाहरुको समेत नागरिकताविहीनताको अवस्था छ। नागरिकता विधेयक प्रमाणीकरण गराउनका लागि मधेशवादी दलहरु विगत लामो समयदेखि आन्दोलित थिए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा अध्यादेश मार्फतनै प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिएको थियो। त्यतिबेला पनि सर्वोच्च अदालतकै अडानका कारण नागरिकता विधेयक प्रमाणीकरण हुन सकेन भने शेर वहादुर देउवा प्रधानमन्त्री हुँदा प्रतिनिधिसभावाट दुई/दुई पटक वहुमतले पास गरेर राष्ट्रसभा र विधायन समितिमासमेत पेश गरेर तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गरिए तर, उनले प्रमाणीकरण गरेनन्।

राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएर आएपछि उनले कानुन व्यवसायीहरुसंग गहन छलफल गरेर नागरिकता विधेयक प्रमाणीकरण गरे पनि सर्वोच्च अदालतले फेरि अडचन ल्याएपछि नागरिकताविहीनहरु नागरिकता पाउनबाट पुनः वञ्चित भएका छन्। गत आइतबारबाटनागरिकताविहीनहरुलाई नागरिकताप्रदानगर्नगृहमन्त्रालयले परिपत्र गरे पनि सर्वोच्चले आइतबारबाटै कार्यान्वयन नगर्न नगराउन अल्पकालीन आदेश दिएपछि नागरिकताविहीनहरु फेरि बिच्चलीमा परेका छन्।

## नीति तथा कार्यक्रममा मिश्रित प्रतिक्रिया

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि दुई दिनदेखि प्रदेशसभामा छलफल भइरहेको छ।

आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रममा सत्तापक्षसंग प्रतिपक्षी दलका सांसदहरुले पनि असन्तुष्टि व्यक्त गरेका छन्।

शुक्रबार भएको छलफमा सांसदहरुले सरकारले विगतको महत्वपूर्ण योजनाहरु समावेश गर्न र कार्यान्वयन पक्ष मजबुत बनाउन जोड दिएका थिए।

सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेता अभिराम शर्माले विगतको सरकारले ल्याएको राम्रो योजनाहरुलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा वेवारिसे बनाइएको बताए।

सरकार परिर्वतन हुने वितिकै आफ्नै योजना ल्याउने होडवाजीप्रति उनले सरकारलाई सचेतसमेत गराए। 'खेत खेतमा पानी, हात हातमा काम' नारा हटाएको प्रति उनले असन्तुष्टि व्यक्त गर्दै भने 'के अब किसानको खेतमा हामी पानी पुऱ्याउँदैनौं ? पुऱ्याउनु नै छ भने किन हटाइयो ?'

'खेलेगा युवा खिलेगा मधेश' पनि हटाइएको उनले बताए। शहीद दुर्गानन्द बाल अस्पताल योजना सरकारले अलपत्र पारेको उनको गुनासो छ।

गौर राइस मिल नीति तथा कार्यक्रममा समावेश गरिएको तर जनकपुर चुरोट कारखाना र वीरगञ्ज चिनी उद्योगको सञ्चालनका लागि नसमेटिदा उनले आक्रोश व्यक्त गरे।



जनता समाजवादी पार्टी (जसपा)का सांसद रामअशिष यादवले नीति तथा कार्यक्रम बजेटसँग तालमेल हुन नसक्ने शंका गरे। प्रदेश सरकारको आम्दानी नभएको हुनाले संघीय सरकारको अनुदानमा निर्भर हुनु परेको उनले बताए।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेकी सांसद शारदा थापाले पनि नीति तथा कार्यक्रमकै आधारमा बजेट ल्याउन माग गरिन्। 'सरकार मधेशी जनताप्रति उत्तरदायी बनोस्,न कि दलको नेताप्रति,'उनले भनिन्,'हरेक वर्ष दलको नेताको आधारमा नीति तथा कार्यक्रमलाई बाइकट गरी बजेट ल्याउने गरिएको छ, यस वर्ष त्यस्तो नहोस्,जे गर्न सक्नुहुन्छ त्यो मात्रै बोल्नुस्,जे बोल्नुहुन्छ त्यो मात्रै गर्नुस्।'

स्वतन्त्र सांसद तथा नीति तथा कार्यक्रमको संशोधनकर्ता प्रमोद जयसवालले धार्मिक तथा पर्यटन क्षेत्रहरुमा महत्वपूर्ण पर्यटकीय स्थल छुटेको प्रति ध्यानाकर्षण गराए।

'संघीय सरकारले गाँजा खेतीको अध्ययन गर्ने अवधारण ल्याइसकेको छ। मधेश पनि विगतमा राम्रो गाँजा उत्पादन गर्ने ठाउँ हो,'उनले भने,'जब हामी सूर्तिलाई कानुन बनाएर उत्पादन गर्न दिएका छौं, रक्सीलाई दिएका छौं। चुरोट बनाउन दिएका छौं भने गाँजा त झन न्यूरोलोजिकल उपचारमा असाध्य उपयोगी औषधि मानिएको छ। यसको दुरुपयोग नहुने गरी गाँजाको खेती गर्न सम्भाव्यता अध्यण गर्ने कुरा नीति तथा कार्यक्रममा समावेश गर्नुपर्छ।' सांसद जयसवाल संशोधन प्रस्ताव पनि दर्ता गराएका थिए।

अर्का संशोधनकर्ता तथा राप्रपाकी सांसद कञ्चन विच्छाले जनकपुर चुरोट कारखाना प्रदेश सरकार मातहतमा ल्याएर सुचारु गर्नुपर्ने माग गरिन्। नेकपा एकीकृत समाजवादीकी सांसद बेची लुङ्गेलीले असारे विकास अन्त्य गर्न माग गरिन्। 'नीति तथा कार्यक्रम सरकारको रोड म्याप हो। विचार र सिद्धान्त हो,'उनले भनिन्,'बजेट र नीति तथा कार्यक्रम पास गर्ने काम मात्रै नगरौं,कार्यान्वयन पनि गरौं,असारे विकास अन्त्य गरौं।' चुरेको भेगमा बस्ने जनतालाई सम्बोधन गर्ने नीति तथा कार्यक्रममा कुनै बुँदामा नसमेटिएके उनले बताए।

नेपाली काँग्रेसका सांसद जर्नादन सिंह क्षेत्रीले चेतनामूलक शिक्षा पाठ्यक्रमबाट हट्दै गएको प्रति सरकारको ध्यानकर्षण गराए।

प्रदेश सरकारले नैतिक शिक्षा प्रत्येक विद्यालयमा लागु गराउनुपर्ने उनको भनाइ छ। सीमाबाट लागूऔषध ओसार पसार धेरै बढेको भन्दै न्यूनीकरण गर्ने सरकारले ठोस योजना नल्याएको उनले गुनासो गरे।

'अरु क्षेत्रको बजेट कटौती गरौं कृषिको सिँचाइमा लगानी गरौं,'उनले भने,'हरेक क्षेत्रमा दश-दश वटा स्ट्रेट बोर्डिङको अवधारणा ल्याउनुपर्छ।' गत वर्ष पाँच वर्षमा सरकारले कृषि अनुदानमा व्यापक चलखेल गरेको र पाँच वर्षको हिसाब किताव संसदमा बुझाउन उनले सरकारसंग माग गरे।







# सरस्वती मन्दिरको शिलान्यास



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका-१ तिलाठीमा सरस्वतीको मन्दिरको शिलान्यास सम्पन्न भएको छ ।

मधेश प्रदेशको निवर्तमान अर्थमन्त्री शैलेन्द्रप्रसाद साहको पहलमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालय सप्तरी मार्फत ४० लाखको लगानीमा निर्माण शुरु गरिएको उक्त भवनको शिलान्यास गरिएको छ ।

तिलाठीमा सरस्वती पूजाको एक दशक पुरानो मन्दिर रहेको स्थानीय बताउछन् । तिलाठीस्थित रहेको सरस्वतीको पुरानो मन्दिरलाई भव्य रुपमा निर्माणको लागि एक करोड ३० लाखको लागत अनुमान तयार पारिएको तिलाठीका जसपा नेता निरज झाले जानकारी दिए ।

'मन्दिरलाई भव्य रुपमा निर्माण गर्ने योजना रहेको छ, सोको लागि एक करोड ३० लाख लागत खर्च अनुमान गरिएको छ,' उनले भने 'अहिले ४० लाखमा निर्माण सुरु गरिएको छ । थपको लागि लगानी कर्ताको खोजी भइरहेको छ, ऐतिहासिक भव्य मन्दिर निर्माण हुनेछ ।'

शिलान्यास कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका उपाध्यक्ष फूल कुमारी साह, सोही वडाका वडा अध्यक्ष दिनेश्वर मिश्रलगायतका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

## मधेशमा पानीको हाहाकार

# 'एक घर, एक इनार'को अवधारणा ल्याउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा पानीको हाहाकार भएसँगै यसलाई जोगाउने बहस पनि सुरु भएको छ । शुक्रबार मधेश फाउण्डेशनले आयोजना गरेको कार्यक्रममा सहभागिहरुले पानी जोगाउने विषयमा छलफल गरेका छन् । सो छलफलमा सहभागिहरुले 'एक घर, एक इनार'को अवधारणा ल्याउन माग गरेको हो ।

पानीलाई रिचार्ज गर्नको लागि यो अवधारण आवश्यक रहेको राष्ट्रपति चुरे कार्यक्रमका प्रतिनिधि शिव पोखरेलले बताए । स्थानीय तहले घर निर्माणको लागि नक्सा पास गर्दा एक इनार पनि आनिवार्य गरे पाँच वर्ष भित्र सुकेको कलमा पानी आउने उनको अनुमान छ । 'पानीको मात्रा घट्या छैन । रिचार्ज नहुँदा कतै बढी कतै कम पानी देखिएको छ,' उनले भने,'यसलाई जोगाउनको लागि पालिका सक्रिय हुनुपर्छ । ठाउँ-ठाउँमा सिमसार बनाउनु पर्छ ।'



पूर्वजले वाटर रिचार्ज गर्न बनाइएको पोखरी अहिले सौन्दर्यकरणको नाममा विनास भइहरहेको उनको भनाई छ । 'सौन्दर्यकरणको नाममा पुर्खाको गिफ्ट हामीले बर्बाद पर्‍यौं । पोखरीमा इटाले गरिएको शिल पानीलाई रिचार्ज हुन दिएको छैनू,' उनले भने । वन मन्त्रालय अधिकृत बेचन महतोले पनि पानी जोगाउन सोही मोडेल अपनाउनु पर्ने बताए । ग्रीन सहर र चुरे क्षेत्रमा वर्षाको पानी जम्ने सिमसार बनाउन उनले माग गरे । जनसंख्या वृद्धिको कारण पनि पानीको सतह घट्दै गएको उनले बताए । 'पानीको सतह घट्नुमा विलासी जीवन पनि कारण छ,'उनले भने,' यति हेभी हेभी घर संरचना बनिरहेको जसले पानीलाई तल जान दिएको छैन ।'

तराई मधेश लोकतान्त्रिक पार्टीका नेता डा. विजय कुमार सिंहले पानी उपयोगमा सावधानी अपनाउन आग्रह गरे । धैरै प्रतिशत शुद्ध पानी खेर गइरहेको हुनाले यसलाई जोगाउनु पर्ने उनले बताए । 'पोखरीले पानी रिचार्ज मात्रै गर्दैनन् वातावरण पनि अनुकूल बनाउँछ,'उनले भने,'जसरी शिक्षाको अधिकार सबैलाई छ, त्यसतै शुद्ध खानेपानी पनि पाउने अधिकार पनि छ ।' खानेपानी र सरसफाइको विषयमा यहाँको स्थानिय सरकार मौन रहेको उनले बताए ।

प्रदेश सांसद राम आशिष यादवले विकास नै विनाश मोडेलमा भइरहेको बताए । 'टाइलस् मार्वलले गर्मी उत्पन्न गरेको छ, तर मान्छे त्यही लगाउन मरिहत्ते गरिरहेको छ,'उनले भने,'विनाशको मोडेल रोक्नु पर्छ ।' पानीको लागि केही दिनभित्र संघर्ष सुरू हुने भन्दै उनले चिन्ता व्यक्त गरे । संस्कृति र प्रकिर्ती बचाउनु पर्ने उनको धारणा छ ।

# वैदैशिक रोजगारीका लागि श्रम स्वीकृति दिन सुरु

काठमाण्डु । वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई हेटौँडा उपमहानगरपालिकाले प्रथम पटक श्रम स्वीकृति दिने कार्य सुरु गरेको छ ।

यसअघि श्रम स्वीकृतिका लागि वैदैशिक रोजगार विभाग पुग्नुपर्ने बाध्यता रहेको थियो । उपमहानगरपालिकाबाट श्रम स्वीकृति दिन थालेपछि सहज भएको बताइएको छ । श्रम स्वीकृतिका लागि वैशाख १ गतेदेखि अनलाइन प्रणालीको सुरुआत भएसँगै उक्त सेवा स्थानीय तहले नै दिन पाउने व्यवस्था भएकाले सो उपहानगरपालिकाले सुरु गरेको छ ।

श्रम स्वीकृति लिने व्यक्तिले राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो, पारिवारिक विवरण, बैंक खाता, व्यक्तिगत इमेल आइडी, सम्पर्क नं, रोजगारदाताले दिएको सम्झौता पत्र, राहदानीको प्रतिलिपिसहित उपमहानगरपालिकाको रोजगार सेवामार्फत अनलाइन आवेदन दिन सकिने रोजगार संयोजक विजन श्रेष्ठले जानकारी दिनुभयो ।

वैदैशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष र बीमा रकमबापत तिर्नुपर्ने शुल्क तोकिएको बैंक खातामा दाखिला गरेपछि श्रम स्वीकृतिका लागि प्रक्रिया अगाडि बढ्ने बताइएको छ । रासस

# किसान र कृषिलाई प्रोत्साहन गर्न परिचयपत्र



**मनोज माझी**

राजविराज । गाउँपालिका भित्र विभिन्न कृषिजन्य उत्पादनमा लागेका किसानको पहिचानका लागि रुपनी गाउँपालिकाले बिहीबारदेखि वर्गीकरणसहितका किसान परिचयपत्र वितरण कार्य शुभारम्भ गरेको छ ।

पहिलो दिन एक कार्यक्रमबीच गाउँपालिकाका विभिन्न वडाका गरी ३९ जना किसानहलाई किसान परिचय पत्र वितरण गरिएको छ ।

गाउँपालिकाका किसान र कृषि क्षेत्रलाई प्रोत्साहन गर्नका लागि यस्तो योजना कार्यान्वयनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए ।

कृषि,पशुपंक्षी तथा मत्स्य क्षेत्रको व्यवसायीकीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गरी गुणस्तरीय उत्पादन तथा किसानलाई समय समयमा विशेष सुविधा दिन उक्त परिचयपत्र वितरण कार्य प्रारम्भ गरिएको अध्यक्ष यादवको कथन छ ।

युवालाई कृषि पेशामा आवद्ध गरी उत्पादनमा जोड्न र रोजगार सृजना गरी आयमूलक विशेष कृषि कार्यक्रमको थालनी गरिएको उनले उल्लेख गरे । यो अभियान अझै जारी रहने उनले जानकारी दिएका छन् ।

गाउँपालिकाले किसान वर्गीकरण सम्बन्धी कार्यविधि गाउँसभाबाट स्वीकृत गराइ राष्ट्रिय कृषक समूह महासंघसंग सम्झौता पश्चात उक्त योजना अघि बढाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश कुमार यादवले जानकारी दिए ।

राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णुमाया ओझाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उपप्रमुख शम्भु कुमार यादव, राष्ट्रिय किसान आयोगका प्रवक्ता जिवन्ती पौडेल, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेत, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रतिनिधि कुलप्रसाद रेग्मी, गाउँपालिकाका प्रशासन प्रमुख जामुन कुमार दास लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

रुपनी गाउँपालिकाले यसअघि किसानलाई प्रोत्साहन गर्न विद्युत प्राधिकरणसंग सम्झौता गरी गाउँपालिकाभित्र संचालित सिंगल फेज कृषि मिटरको सबै किसानको मासिक विद्युत महसुल पनि व्यहोर्ने निर्णय गरिसकेको छ ।

# 'चीनको विस्तारवादी नीतिविरूद्ध आवाज उठाउन आवश्यक'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले चीनले नेपाललाई ऋण जालमा फसाउन खोजीरहेको आरोप लगाएका छन् ।

सर्लाहीको मलंगवामा अभियानले आयोजना गरेको नेपालप्रति चिनिया अभ्यास र असर विषयक विचारगोष्ठीमा उनले चीनले नेपाललाई ऋण जालमा फसाइ श्रीलंका बनाउन खोजीरहेको आरोप लगाए ।

उनले चीनले पछिल्लो समय नेपालमाथि विभिन्न कोणबाट आँखा लगाइरहेको टिप्पणी गरे । उनले भने,'उतर तिरबाट नेपाली भूमि क्रमशः अतिक्रमण भइरहेको छ, चीनले देश भित्र राजनीतीक हस्तक्षेप गर्नुका साथै अघोषित नाकाबन्दीलाई निरन्तरता दिइरहेको छ।'

उनले नेपाललाई चीनले तिब्बत बनाउने षड्यन्त्र गरिरहेको समेत खुलासा गरे । उनले भने,'चीनको तिब्बतीकरण गर्ने षड्यन्त्रको विरोधमा अब सम्पूर्ण नेपालीले एकजुट भइ



आवाज उठाउने बेला आएको छ।' त्यसैगरी,गोष्ठीमा पूर्वमन्त्री रामचन्द्र राय यादवले नेपलालाई श्रीलंका बनाउने रणनीतिमा चीन लागेको आरोप लगाए ।

उनले भने,'चीनले नेपाललाई श्रीलंका बनाउनु खोजीरहेको छ, चीनले पोखरा विमानस्थलमा लगानी गरेर विमानस्थल कब्जामा लिने षड्यन्त्र गरिरहेको छ।'

उनले चीनले बीआरआइमार्फत नेपाललाई ऋण जालमा पार्न विभिन्न कोणबाट कसरत गरिरहेको पनि जिकिर गरे ।

उनले भने,'चीनको विस्तारवादी नीतिलाई रोक्नु पर्छ, नेपाललाई चिनियाँ ऋणको जालमा फस्न दिनु हुँदैन।'

त्यस्तै,नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले चीनको विस्तारवादी नीतिलाई हामी सबै जना मिलेर नरोकेसम्म नेपालको विकास सम्भव नहुने जिकिर गरे ।

उनले भने,'कहिले चीनका लागि नेपाली राजदूतको ओहोदा प्रमाणपत्र नबुझिदिने त कहिले काठमाण्डुमा रहेको चिनियाँ दूतावासमार्फत चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न लगायतको काम गरिरहेको छ।'

संत हितराम दासले सनातन संस्कृति नेपालको आत्मा भएको बताए । उनले भने,'समाजमा चलिरहेको जातीय द्वन्द्वलाई समाधान गर्न राष्ट्रिय एकताको सूत्र हिन्दू संस्कृति नै हो त्यसकारण देशलाई संघीय हिन्दू गणतन्त्र कायम गरी अघि बढनुपर्ने अहिलेको आवश्यकता रहेको छ।'

# आग्रह र पूर्वाग्रह बिना दश वर्षको बजेट समीक्षा गरौँ : पूर्वअर्थमन्त्री शर्मा

काठमाण्डु । पूर्वअर्थमन्त्री तथा सांसद जनार्दन शर्माले पछिल्लो १० वर्षका बजेटको समीक्षा गर्ने प्रस्ताव गर्नुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उहाँले १० वर्षको बजेटमाथि सत्तापक्ष र प्रतिपक्षको आग्रह र पूर्वाग्रहमुक्त छलफल गर्दै निष्कर्ष निकाल्न समिति गठन गर्ने माग गर्नुभएको हो । उहाँले भन्नुभयो, "विगत १० वर्षका बजेटको समीक्षा गरौँ भन्ने प्रस्ताव राख्न चाहन्छु ।

अर्थविद् नागरिक समाज, किसान, पत्रकार, पूर्वन्यायाधीश र सम्बन्धित क्षेत्रका विज्ञसहितको उच्चस्तरीय आयोग वा समिति बनाऔँ ।"

उहाँले प्रतिपक्ष दलबाट बजेटको वस्तुनिष्ठ समीक्षा नभएको आरोप समेत लगाउनुभयो । पूर्व अर्थमन्त्री शर्माले भन्नुभयो, "चालु आवको बजेटको समीक्षा गर्दै प्रमुख प्रतिपक्ष दलका नेता केपी शर्मा ओलीले शून्य अङ्क दिनुभयो । उहाँको उक्त मूल्याङ्कन सत्ताबाट विमुख हुनुपर्दाको पूर्वाग्रह र प्रतिशोधपूर्ण भएको मैले बुझेको छु ।"

उहाँले राजनीतिक सहमतिका साथ ०४६ सालदेखि अहिलेसम्म उच्च पदस्थ व्यक्तिहरुको सम्पत्ति छानबिन गर्नुपर्ने प्रस्तावसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "मेरो प्रस्ताव छ, २०४६ पछि २०८० सम्मको सबै राजनीतिज्ञ, कर्मचारी, सेना, प्रहरी, आयोग र न्यायपालिकाको सम्पत्ति छानबिन गर्ने आयोग बनाऔँ ।


तर ललिता निवासको जग्गा फिर्ता गरेर उन्मुक्ति दिने जस्तो नाटक चाहिँ नगरौँ । दूधको दूध, पानीको पानी गरौँ, यो कार्यान्वयन गरौँ । त्यसका लागि राजनीतिक सहमति गरौँ ।" उहाँले निर्यातमा आठ प्रतिशत अनुदान दिने नीतिको प्रभाव देखिन अझै केही वर्ष लाग्ने उहाँले बताउनुभयो । रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



तराई मधेशमा गर्मी बढेसँगै नहरमा पौडी खेल्दै स्थानीय बालबालिका । तराईमा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ। *तस्बिर : रासस*

# कानुन निर्माणको मूल थलोमै मर्यादाको प्रश्न !

काठमाण्डु । प्रतिनिधिसभा नियमावलीमा सभामुखले बोलेको कुरा ध्यानपूर्वक सुन्नुपर्ने, उहाँले समय दिएपछि मात्र बोल्नुपर्ने, पिठ्युँ फर्काएर बस्न र उभिन नहुने तथा सभामुखको आशन र बोलिरहेको सदस्यको बीचबाट हिँड्नसमेत नहुनेजस्ता कुरा उल्लेख छ।

प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलले लामो बहस र छलफलपछि सर्वसम्मतिमा पारित गरेको उक्त नियमावलीमा सदनलाई मर्यादित र सांसदलाई अनुशासित तुल्याउने हेतुले त्यस्ता धेरै प्रावधान समेटिएका हुन्। सत्तापक्ष र विपक्ष सदस्यका केही सदस्यबाट लोकप्रिय हुने होडबाजी र प्रतिशोधपूर्ण अभिव्यक्तिले जनताको सार्वभौमसत्ता सम्पन्न संसद्मा पछिल्ला समय भएका अभ्यासले संसदीय मर्यादा गुमाएको भनी निकै आलोचना भएको छ।

**अमर्यादित होइन, शिष्ट हुनुस्**

नेकपा (एमाले) संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले संसद् कसरी सञ्चालन हुनुपर्छ भनी संविधान, नियम र स्थापित अभ्याससहित नियमावलीमा सविस्तार स्पष्ट व्यवस्था गरिएको बताउनुभयो । उहाँले रासससँग कुराकानी गर्दै भन्नुभयो, "सांसद कहाँ बस्नुपर्छ, कसरी बस्नुपर्छ, उठ्दा, हिँड्दा के कुराको ख्याल गर्नुपर्छ, कुन पोशाक लगाउने भन्नेजस्ता विषय पनि त्यहाँ समेटिएका छन्।"

संविधानसभाका अध्यक्ष नेम्वाङले सदनमा अनावश्यक घोचपेच नगरी शिष्ट बोल्न, आरोप-प्रत्यारोप तथा गालीगलौज र अमर्यादितरूपमा प्रस्तुत नहुन तथा संसद्को सम्मानका लागि नियमावलीमा यस्ता प्रावधान राखिएका बताउनुभयो।

एमाले उपाध्यक्षसमेत रहनुभएका नेम्वाङले भन्नुभयो, "सदनलाई औपचारिक थलोका रूपमा लिइन्छ। संसद् र अन्तर्गतका समितिमा पनि यही औपचारिकता र भद्रता अपनाइन्छ । कसैमाथि लक्षित गरी गालीगलौज गरिनुहुन्न। आफ्ना कुरा सभामुखमार्फत भन्ने हो, सिधै औँला ठड्याएर एकले अर्कोलाई सम्बोधन गर्न हुँदैन्।"

संसदीय लामो अभ्यास गरेकै सदस्यले पनि रोष्टमबाटै लक्षित गरेर भनाइ प्रस्तुत गरिएकाप्रति असहमति जनाउँदै उहाँले सभामुखमार्फत ध्यानाकर्षण गराउन तथा व्यक्ति विशेषको नाम नलिई प्रस्तुत हुन सबै राजनीतिक दलका नेता तथा सांसदलाई सुझाव दिनुभयो।

जनताको आवाज प्रस्तुत गर्ने, जनता र देशको हितमा काम गर्ने थलो भएकाले त्यसलाई हेक्कामा राखेर मर्यादित र सभ्य तुल्याउन आवश्यक रहेको उल्लेख गर्दै नेम्वाङले भन्नुभयो, "हामीले त्यहाँ जे बोल्छौँ, व्यवहार देखाउँछौँ त्यो सन्देश प्रवाह हुने भएकाले त्यो समाजलाई सकारात्मक दिशातर्फ लैजाने हुनुपर्छ।"

सदनमा सदस्यले बोलेका केही विषय रेकर्डबाट हटाइयोस् भन्ने कुराले चर्चा र निरन्तरता पाइरहेको विषयमा उहाँ भन्नुहुन्छ, "प्रतिशोधमा नआई नेताहरू जहिले पनि शान्त, भद्र र शिष्ट हुनुपर्छ। बाहिरका घटना र विषय जोडेर प्रस्तुत हुनुहुन्न । अहिले भएका कमी-कमजोरीलाई सच्याउँदै लगिनुपर्छ।"

सङ्घीय संसद्को दुवै सदनमा पूर्ण वाक स्वतन्त्रता रहने र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको भनी प्रष्ट व्यवस्था गरेकाले सदनमा बोल्न कुनै बन्देज नरहेको उल्लेख गर्दै उहाँले बोलेका कुरा खण्डन गर्ने तथा नियमावली गर्नुपर्नेमा रेकर्डबाट हटाउने अभ्यास पनि संविधानविपरीत हुने तर्क गर्नुभयो।

संविधान र कानुनका आधारमा विधि र व्यवहारअनुसार चल्नुपर्नेमा अराजक गतिविधिले प्रश्रय पाएको भनी चिन्ता व्यक्त गर्दै संविधानसभा सदस्य बिडारीले बनेका कानुनको परिधिभित्र रही अघि बढ्न तथा सदन चल्न नसकेमा त्यो दिन तलबभत्ता नलिने व्यवस्था गर्न सङ्कल्प प्रस्ताव पारितका लागि सुझाव प्रस्तुत गर्नुभयो।

सदनमा सत्तापक्ष र प्रतिपक्षबीच एक-अर्कालाई लक्षित गरी आरोप-प्रत्यारोपका घटना बढेको तथा समय लिएर वक्तव्य दिइरहेका प्रधानमन्त्रीलाई समेत रोकेर अरुलाई

> सांसदले सदनभित्र बोलेको कुरालाई लिएर कुनै अदालतमा मुद्दा लगाइने र प्रश्न उठाइने छैन भनी प्रष्ट व्यवस्था गरेकाले सदनमा बोल्न कुनै बन्देज नरहेको दावी।

कुनै मतलाई लिएर अदालतमा समेत कुनै कारबाही प्रश्न उठाउन नपाइने स्पष्ट संवैधानिक व्यवस्था छ।

**नियमावली पालनामा विशेष ध्यान पुऱ्याउनुस्...**

संविधानसभाका सदस्य एवं वरिष्ठ अधिवक्ता रामनारायण बिडारीले सदनको मर्यादा कायम राख्न र सदनलाई सुव्यवस्थितरूपमा अघि बढाउन सभामुखदेखि सत्ताधारी, विपक्षी दल र हरेक सांसदलाई नियमावली पालनामा विशेष ध्यान पुऱ्याउन आग्रह गर्नुभयो।

उहाँ भन्नुहुन्छ, "सदनमा कडा बोल्ने सन्दर्भमा अहिलेका सांसदभन्दा म कम थिइनँ, अहिले प्रतिपक्ष, सत्तापक्ष, सभामुख, नयाँ दल, पुराना दल सबैतर्फबाट कमी-कमजोरी र बिग्रिएको अवस्था छ।"

संविधान र नियमावली बनाए पनि अहिले त्यसको पालना नभएको उल्लेख गर्दै राष्ट्रियसभाका पूर्वसदस्य बिडारीले दुवै सदनका नियमावलीमा के गर्न हुने वा के गर्न नहुने भन्नेबारे प्रष्ट उल्लेख रहेको बताउनुभयो।

सांसदले सदनभित्र बोलेको कुरालाई लिएर कुनै अदालतमा मुद्दा लगाइने र प्रश्न उठाइने छैन समय दिइएको घटनालाई चासोका साथ हेरिरहेको सन्दर्भमा उहाँहरूले यो प्रतिक्रिया दिनु भएको हो।

**सदन दलको आमसभा होइन...**

संसद् सचिवालयका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईले प्रधानमन्त्रीको वक्तव्यप्रति सुरुदेखि अन्त्यसम्म असहमति भए पनि समय लिएर बोल्न सुरु गरेपछि पूरा नभएसम्म उहाँलाई अपमान र मर्यादा नै नरहने गरी हस्तक्षेप गर्न नमिल्ने तर्क गर्नुभयो।

उहाँले भन्नुभयो, "संसदीय अभ्यासलाई मर्यादित तुल्याउन सञ्चालन गर्न नियमावली बनाइएको छ, त्यसैले सबै प्रक्रियालाई निर्धारण गर्छ। त्यसको उल्लङ्घन गर्दै उत्तेजना र आवेगलाई प्रश्रय दियौं भने सञ्चालन गर्नेलाई पनि चुनौती खडा हुन्छ भने संसद्को मर्यादामा पनि क्षयीकरण हुन जान्छ।"

सदनको गरिमा र प्रभावकारिता बढाउने कर्तव्य सरकार, सम्पूर्ण रानीतिक दल र सदस्यहरूको भएको उल्लेख गर्दै पूर्वमहासचिव भट्टराईले नियमापत्तिको आडमा राजनीतिक अभिष्ट पूरा गर्न अनावश्यक विषय प्रवेश गराएर सदनलाई अवरोध गर्ने अभ्यास नगर्न सुझाव दिनुभयो। रासस

# संसारीमाईको महापूजा जारी



जलेश्वर । महाशक्तिपीठका रुपमा मानिएको महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित संसारीमाईको महापूजा जारी रहेको छ । गत शुक्रबारदेखि नै विभिन्न अनुष्ठानका साथ सुरु भएको संसारीमाईको सप्ताहव्यापी पूजा विधिको आज अन्तिम दिन बलि प्रदान गरेसँगै समापन हुने छ । संसारीमाईको पुजारी महेन्द्र मुखियाले पञ्चबलि आज दिउँसो ३ बजेबाट सुरु हुने जानकारी दिनुभयो । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले संसारीमाईको पूजा जारी रहेको बताउनुभयो। प्रत्येक पाँच वर्षमा एक पटक मात्रै हुने संसारीमाईको यस वर्षको पूजाविधि गत शुक्रबारदेखि विधिवत् सुरु भएको थियो।

महापूजाको अन्तिम दिन शुक्रबार पशु पंक्षीको बलिपश्चात् पूजा समापन हुने संसारीमाई पूजा समितिका अध्यक्ष अशोककुमार साहले बताउनुभयो।

सप्ताहव्यापी महापूजाको पहिलो दिन गत शुक्रबार जलेश्वर नगरपालिका-२ स्थित बरुण सरोवरको पूर्वी दक्षिणी कुनाको डिलमा अवस्थित मन्दिरको सर सफाइ तथा विशेष जल (गङ्गाजलसहित) ले पखालेर शुद्धीकरण गरिएको थियो। सोही दिन जलेश्वर नगरभरि नै सरसफाइ तथा शुद्धीकरण कार्यक्रम गरिएको थियो । सरसफाइ कार्यक्रममा श्रद्धालु भक्तजनका सरिक भएका थिए।

अनादिकालदेखि नै अपार शक्ति एवं आस्थाको केन्द्र मानिएको प्रसिद्ध शक्तिपीठ संसारीमाईको महापूजाको सप्ताह व्यापी कार्यक्रमअन्तर्गत दोस्रो दिन शनिबार कलश शोभायात्रा गरिएको थियो।

कलश शोभायात्रामा हजारौँ कुमारी कन्याद्वारा कलश लिएर जलेश्वर नगरभरि शोभा यात्रा गरिएको थियो । शोभा यात्रामा बाजागाजा, नाचगान, भजनकीर्तन र हजारौँ भक्तजनको सहभागिता रहेको थियो।

त्यसैगरी महापूजाको तेस्रो दिन आइतबार माता संसारीको मन्दिर प्राङ्गनमा महापाठ (शक्ति स्वरुपा भगवतीको पाठ) गरिने कार्यक्रम गरिएको थियो। त्यसैगरी महापूजाको चौथो दिन माता संसारीको नगरीमा रहनुभएका बाबा जलेश्वरनाथ (नगर देवता) को मन्दिरमा लखराम पूजा गरिएको संसारीमाई महापूजा समितिका अध्यक्ष साहले बताउनुभयो।

संसारीमाई महापूजाको सप्ताहव्यापी कार्यक्रमको चौथो दिन सोमबारदेखि आज अन्तिम संसारीमाईको खोइछ भराइ एवं प्रसाद चढाउने कार्यक्रम भइरहेको छ। खोइछ भराइ कार्यक्रमअन्तर्गत नगरभित्रका प्रत्येक घरका तथा माताप्रति आस्था भएका अन्य गाउँठाउँसहित भारतीय विभिन्न गाउँठाउँबाट पनि विवाहित महिला आएर मातालाई खोइछ भरिरहेका छन्।

खोईछमा मातालाई अक्षेता, फूल, फल, सिन्दूर, टीका, मिठाई, नरिवल, शृङ्गार वस्तु, सुन चाँदी चढाउने परम्परा रहेको छ। यसैबीच महापूजाको पाँचौँ दिन मङ्गलबार माताको पूजाअन्तर्गत नै हनुमान आराधना गरिएको थियो छैटौं दिन बुधबार अष्टजाम कार्यक्रम गरिएको थियो। महापूजाको सातौं दिन बिहीबार (हिजो)देखि विशुद्धरुपमा माता संसारीको पूजाको आरम्भ भएको छ। यस दिनमा माता संसारीलाई महापूजाको लागि आह्वान गरिएको छ । जस कार्यक्रमलाई देवबोलीमा (बिडी सलामी) भनिन्छ। माता संसारीको मुख्य पुजारी महेन्द्र मुखियाले बिहीबार माता संसारीलाई मन्दिरमा विराजमान हुन तथा पूजा, बलि स्वीकार गर्नका लागि निम्तो दिएका छन्।

यस दिनमा निक्कै धुमधामका साथ मुख्य पुजारीले ठूलो भजनकीर्तनको आयोजना गरेर देवी संसारीलाई आह्वान गेरका छन् र मातालाई बिडी सलामी (निम्तो) दिएका छन्। त्यसैगरी बिहीबार नै साँझ माता संसारीको मन्दिरमा महाआरती पनि गरिएको छ । बलि प्रदानको क्रममा जलेश्वर नगरक्षेत्रभित्र बस्ने प्रत्येक नगरवासीले संसारीमाईलाई अनिवार्यरुपमा बलि प्रदान गर्ने परम्परा रहेको छ।

संसारीमाई संसारकै सबै वर्ग, जातजाति तथा व्यक्तिको आस्थाको केन्द्रविन्दुको रुपमा रहनुभएकाले उहाँलाई बलिको रुपमा प्रदान गरिने प्रत्येक बस्तुको बलि प्रदान गरिने चलन रहेको छ। सुरुमा माता संसारीलाई पाँच जीवको पञ्चबलि चढाइन्छ भने त्यसपछि उहाँलाई आस्था र क्षमताअनुसार भक्तजनले मुसो, परेवा, हाँस, कुखुरा, बोका, सुँगुर, बङ्गुर र अन्त्यमा राँगा बलि प्रदान गरिन्छ।

प्रत्येक पाँच वर्षको अन्तरालमा हुने संसारीमाईको महापूजा यसअघि विसं २०७५ वैशाख २१ गतेको दिन भएको संसारीमाईको पुजारी (धामी) महेन्द्र मुखियाले जानकारी दिनुभयो । जलेश्वर नगरमा हुने संसारीमाईको पूजामा नेपाल तथा भारतका श्रद्धालु एवं दर्शनार्थीहरु सहभागी भएका छन् । अहिले बडो धुमधामका साथ प्रत्येक पाँच वर्षमा मनाईने संसारीमाईको पूजा अनादीकालदेखि हुँदै आएको छ।

सुरु सुरुमा संसारीमाईको पूजा प्रत्येक १२ वर्षमा हुने गरेको थियो। त्यसपछि प्रत्येक सात वर्षमा भयो भने अहिले विगत तीन/चार पटकदेखि संसारीमाईको पूजा प्रत्येक पाँच वर्षको अन्तरालमा हुँदै आएको छ । संसारीमाईको पूजा भव्यरुपमा हुने तथा लाखौँको सङ्ख्यामा भक्तजनले पूजा अर्चना र बलि प्रदान गर्ने भएको हुनाले जलेश्वरमा यस पूजाको अवसरमा ठूलो मेलाको समेत आयोजना गरिएको छ । रासस

# विदेशी मुद्रा सञ्चिति १४ खर्ब ७० अर्ब

काठमाण्डु । चालु आर्थिक वर्षको १० महिनामा रु १४ खर्ब ७० अर्ब ३३ करोड बराबरको विदेशी विनिमय सञ्चिति कायम भएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार २०७९ साल असार मसान्तमा रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति २० दशमलव नौ प्रतिशतले वृद्धि भई गत वैशाख मसान्तमा रु १४ खर्ब ७० अर्ब ३३ करोड पुगेको हो । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७९ असार मसान्तमा नौ अर्ब ५४ करोड रहेकामा २०८० वैशाख मसान्तमा १७ दशमलव छ प्रतिशतले वृद्धि भई ११ अर्ब २१ करोड कायम भएकोछ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु १० खर्ब ५६ अर्ब ३९ करोड रहेकामा २०८० वैशाख मसान्तमा २४ दशमलव एक प्रतिशतले वृद्धि भई रु १३ खर्ब १० अर्ब ६६ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रु एक खर्ब ५९ अर्ब ४१ करोड रहेकामा २०८० वैशाख मसान्तमा शून्य दशमलव दुई प्रतिशतले वृद्धि भई रु एक खर्ब ५९ अर्ब ६८ करोड पुगेको छ । गत वैशाख मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव छ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७९/८० को दश महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११ दशमलव दुई महिनाको वस्तु आयात र नौ दशमलव सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। रासस


**श्री प्रसाद सिंह माध्यमिक (०-१२) विद्यालय औरही नैनीगौरी**
**औरही न.पा. -२, महोत्तरी**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**प्रकाशित मिति : २०८०।०२।२६**

यस कार्यालयले तपसिलमा उल्लेखित कार्यको लागि मिति २०८०।०१।०६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका र PPMO website www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार रीत्तपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहायअनुसारको बोलपत्रदाताको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा योग्य रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ को अनुसार मिति २०८०।०३।०३ गते दिनको २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपसील :**

| सि.न. | विवरण | योजनाको नाम | प्राविधिक मुल्याङ्कनमा छनोट भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| १. | SPS/WORKS/NCB/079/80-01 | Construction of Library & Laboratory Block 'B' for Shree Prasad Singh Ma. Bi. Aurahi Naini Gauri School | • Dev Bishnu Construction & Suppliers Pvt. Ltd, Bardibas-8, Mahottari<br>• Sambriddi Sampanna Nirman Sewa Madhyapur, Thimi<br>• Shree ganesh Construction Gadhi-4, Makwanpur |

(प्रधानाध्यापक)



## कर्मचारी आवश्यकता

**(प्रथम पटक प्रकाशितमिति : २०८०/०२/२६गते शुक्रवार)**

मिथिला लघुवित्त वित्तीय संस्था लि. मधेश प्रदेश कार्यक्षेत्र भएको मिथिला नगरपालिका-६, ढल्केवर, धनुषामा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त लघुवित्त वित्तीय संस्था लिमिटेडलाई केन्द्रीय कार्यालयको आन्तरिक लेखा परीक्षण विभागको लागि देहाय बमोजिमको पदमा कर्मचारी आवश्यकता भएको हुँदा तपशिल बमोजिमका योग्यता तथा अनुभव भएका ईच्छुक नेपाली नागरिकबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो सम्पर्क नं. सहितकोव्यक्तिगत विवरण (CV), नागरिकता तथा शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्र, अनुभवको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रतिफोटो सहित रितपूर्वक भरिएको दरखास्त आव्हान गरिन्छ।

| बिज्ञापन नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १/२०७९/०८० खुल्ला | बरिष्ठ सहायक (सहायक श्रेणी, पाँचौ तह) | ०१ | प्रविणता प्रमाणपत्र तहवा १०+२ परीक्षा उतिर्ण गरी Semi Qualified C / A । लेखापरीक्षण क्षेत्रमा १ बर्षको कार्य अनुभव भएको साथै कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिईनेछ। |

**उमेर** : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । महिला उम्मेद्वारको हकमा माथिलो उमेरको हदमा ५ वर्ष थप हुनेछ।

**परीक्षाको किसिम**: मौखिक अन्तरवार्ता।

**सेवाको किसिम**: करार, सेवा शर्त तथा सुविधा : वित्तीय संस्थाको नियमानुसारहुनेछ । उपरोक्त विज्ञापनबाट अन्तरवार्ता परीक्षामा समावेश भई सफल भएको उम्मेदवारलाई वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार करारमा नियूक्त गरिनेछ।

**दरखास्त बुझाउने ठेगाना** : दरखास्त फारम इमेल ठेगानाः vacancymithilabank@gmail.com वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, मिथिला न.पा. वडा नं.६, ढल्केवर, धनुषामा आई बुझाउनु पर्नेछ। दरखास्त फारम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा वेव साईटबाट डाउनलोड गरी भर्न सकिने छ।

**अन्य जानकारी** :

१. परीक्षा दस्तुर वापत रु.७००/- यस वित्तीय संस्थाको नाममा रहेको महालक्ष्मी विकास बैंक लि., ढल्केवर शाखाको खातानं.०५८००१००२६४३६४००००१ मा वा सिद्धार्थ बैंक लि. बर्दिवास शाखाको खाता नं. ०२३१५०७५४९१ मा नगद जम्मा गरेको रसिद वा भौचर निवेदन साथ संलग्न गर्नुपर्ने छ।
२. प्राप्त दरखास्त फारम तथा कागजपत्र छानविन गर्दा रित नपुगेको ठहरेमात्यस्तो दरखास्त रद्द गरिनेछ, त्यस अवस्थामा परीक्षा दस्तुर फिर्ता हुने छैन।
३. नेपाल बाहिरको शिक्षण संस्था वा बोर्डबाट अध्ययन गरेको आवेदकले समकक्षताको प्रमाणपत्र (Certificate of Equivalence) पेश गर्नु पर्ने छ।
४. अन्य जानकारीहरु यस वित्तीय संस्थाको वेब साईट www.mlbbank.com.np बाट प्राप्तगर्न सकिने छ।
५. मौखिक अन्तरवार्ता हुने स्थान : यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, ढल्केवर-६, धनुषा।
६. छनौट सूची यस वित्तीय संस्थाको वेबसाईट www.mlbbank.com.np मा मिति २०८०/०३/१५ गते राखिने छ। साथै छनौट भएका आवेदकहरुलाई मात्र मौखिक अन्तरवार्तामा समावेश गरिनेछ।
७. प्राप्त दरखास्त स्वीकृत तथा अस्वीकृत गर्ने अधिकार यस वित्तीय संस्थामा निहित रहने छ।

**पदपूर्ति समिति**

**मिथिला लघुवित्त वित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय, ढल्केवर-६, धनुषा**
**फोन नं. ०४१-५६०२१०, ५६०१७२**

# यामको 'कार्साङ'मा दयाहाङ अनुबन्ध, तिहारपछि छायांकन

काठमाण्डु । अभिनेता दयाहाङ राई यस वर्षलाई 'प्याक' छन् । उनको पाइपलाइनमा फिल्मको ठूलो चाङ छ । तर पनि उनले फिल्म सम्झौता गर्न छाडेका छैनन् । यसबीच, उनले नयाँ फिल्म 'कार्साङ' सम्झौता गरेका छन् ।

याम शेर्पाको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मलाई दयाहाङले तिहारपछिको समय दिएका छन् । तर, व्यस्तताले गर्दा उनले विभिन चरणमा फिल्मको छायांकन गर्नेछन् ।

निर्देशक शेर्पाले फिल्मीखबरसँग भने, 'तिहारपछि फिल्मको छायांकन सुरु गर्नेछौं । दया दाई यो वर्ष 'प्याक' हुनुहुन्छ । त्यसैले एकै चरणमा छायांकन भ्याउन सकिन्न । उहाँको समय लिएर विभिन्न चरणमा छायांकन गर्नेछौं ।'

सामाजिक विषयवस्तुमा बन्न लागेको



फिल्मको नाममा नै कथा लुकेको निर्देशक शेर्पाले बताउँछन् । उनका अनुसार, फिल्म एउटा समुदायको कथामा बन्न लागेको हो । अर्को वर्ष रिलिजको तयारी गरिएको फिल्ममा दयाहाङबाहेक अरु कलाकार छानिएका छैनन् । आगामी असारमा अडिसनमार्फत् कलाकार छनोट गरिने याम बताउँछन् । यार्सा फिम्ल्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् ।

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-६ मा ९० प्रतिशत र बाँकी भोटेकोसीमा छायांकन हुने निर्देशक शेर्पाले बताए ।

अहिले दयाहाङले फिल्म 'दिमाग खराब'को छायांकन गरिरहेका छन् । यसपछि फिल्म 'हात्तीछाप'मा उनले काम गर्नेछन् । 'डिग्री माइला' र 'कबड्डी ५' पनि उनको पाइपलाइनमा छ ।

अरु ३/४ वटा फिल्ममा पनि उनले काम गर्ने वचन दिएका छन् । यसरी हेर्दा उनलाई अर्को वर्ष पनि सेड्युल मिलाउन सहज देखिँदैन । एकपछि अर्को फिल्मको सफलताले उनको व्यस्तता निकै बढेको छ ।

# प्रिमियरमा 'नीरफूल'को प्रशंसा, दयाहाङ भन्छन्, 'धेरै कुरा पुनर्स्मरण भयो'

काठमाण्डु । करिब ५ वर्षअघि निर्माण सम्पन्न भएको फूलमान वल निर्देशित फिल्म 'नीरफूल' यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार साँझ काठमाडौंको बिग मुभिजमा आयोजना गरिएको प्रिमियरमा फिल्मले सुन्नलायक प्रतिक्रिया प्राप्त गऱ्यो । प्रिमियरमा उपस्थित प्रायः अतिथिहरुले फिल्मको कथावस्तु, छायांकन, लोकेसन, कलाकारको अभिनयको प्रशंसामा शब्द खर्चिए ।

प्रिमियरमा मिलेको प्रतिक्रियाबाट उत्साहित देखिएका अभिनेता दयाहाङ राईले ५ वर्ष अगाडि काम गरेको फिल्म अहिले हेर्दा धेरै कुरा पुनर्स्मरण भएको बताए । 'मैले पाँच वर्षअघि यो फिल्मको कथा पाएको थिएँ । यो बीचमा फिल्मका धेरै कुराहरु दिमागबाट हटिसकेको थियो । पाँच वर्ष पछाडि फिल्म हेर्न पाउँदा धेरै कुराहरु पुनर्स्मरण भयो । बडो आनन्द महसुस भयो,' दयाहाङले भने ।

फिल्ममा ७० प्रतिशत तामाङ भाषाको प्रयोग छ । तामाङ भाषाको संवादमा नेपाली सबटाइटल राखिएको छ । भाषाले गर्दा फिल्म बुझ्न भने गाह्रो नहुने दयाहाङको तर्क छ । 'फिल्मको संवेदना महत्त्वपूर्ण कुरा हो ।

भाषा त हामी हरेक भाषाको फिल्म हेरिरहेका छौं,' उनले भने, 'फिल्ममा रुबी भ्याली (धादिङ) र काभ्रेको तिमाल क्षेत्रमा बोलिने तामाङ भाषा 'मर्ज' गरेर अर्को भाषा बनेको छ ।' फिल्मका निर्देशक फूलमान वल 'नीरफूल'लाई समाजको प्रस्तुतीको रुपमा व्याख्या गर्छन् । आम नेपालीले आफ्नो जीवनमा समाज र सिस्टमसँग भोगिरहेकै कुरा फिल्ममा देखाइएको उनको दाबी छ । एउटा समयको यथार्थ कथा भएकाले लामो





समयसम्म फिल्म ताजा लाग्ने उनको विश्वास छ । फिल्मले भूकम्पको समयको पीडादायी कथा र परिवेश पुनर्स्मरण गराउने निर्देशक वल बताउँछन् ।

उनी फिल्मको शीर्षकको अर्थ बुझाउँदै भन्छन्, 'नीरफूल भनेको निलो रंगको फूल हो । निलो दुःखको रंग हो । हामीले ७२ सालमा भूकम्पको जुन दुःख भोग्यौं, त्यसलाई फिल्मको कलरबाट ल्याउन खोजेका हौं ।'

विश्वयुद्धको कथा हलिउडले अहिले भन्न थालेको उल्लेख गर्दै वलले भूकम्पको कथा त्यतिबेलै भनिएको भए अहिलेको जस्तो 'इमोसन' नआउने र अहिले हेर्दा पुनर्स्मरण हुने बताए । फिल्ममा अभिनेत्री शान्ति वाइवा दयाहाङको श्रीमतीको भूमिकामा छिन् । उनी तामाङ समुदायकै भए पनि फिल्ममा प्रयोग भएको तामाङ भाषा बुझ्न उनलाई सहज थिएन ।

उनी भन्छिन्, 'म काभ्रेको परेँ । म रुबी भ्यालीको तामाङ भाषा ६० प्रतिशत पनि बुझ्दिनँ । फिल्ममा मैले बोलेको भाषा बुझ्न गाह्रो भएको थियो ।' तामाङ भाषाका कारण फिल्म बुझ्न भने गाह्रो नहुने वाइवाको भनाई छ ।

भूकम्प गएपश्चात् धादिङको रुबी भ्यालीबाट उद्धार गरेर उपचारका लागि काठमाडौं ल्याइएकी छोरीलाई खोज्न एक दम्पतीले गर्ने संघर्षको कथामा फिल्म बनेको छ ।

फ्रेण्ड्स अफ नेपाल-म्यान्मार फ्रेन्डसिप काउन्सिलसँगको सहकार्यमा सेलो प्रोडक्शनले निर्माण गरेको 'नीरफूल'मा प्रमोद कार्कीको छायांकन, अर्जुन पोखरेल र चन्द्रकुमार दोङको संगीत तथा निमेष श्रेष्ठको सम्पादन रहेको छ ।

# अवार्ड किन्न सकिन्छ भन्ने श्रद्धाको हातमा अवार्ड

काठमाण्डु । विश्वमै विवादरहित अवार्ड कमै छन् । संसारकै प्रतिष्ठित मानिने ओस्कार अवार्ड समेत अक्सर विवादमा पर्ने गरेको छ । नेपालमा आयोजना हुने अवार्ड भन्न न् विवादरहित हुने कुरै आएन । 'कहीं नभएको जात्रा हाँडी गाउँमा' भने जस्तै हुन्छ नेपालमा अवार्डहरु । स्टल राखेर खुल्लम खुल्ला अवार्ड बिक्री वितरण हुने गरेको आरोप समेत लाग्ने गरेको छ । तर पनि न लिने थाकेका छन् न दिने ।

नेफ्टा अवार्डको उत्कृष्ट ५ मनोनयनमा फिल्म 'कृष्ण लीला'बाट आफू



नपरेपछि अभिनेत्री श्रद्धा क्षेत्रीले मे १४ मा फेसबुकमा स्टाटस लेख्दै 'अवार्ड किन्न सकिने तर सम्मान भने कमाउन आवश्यक छ' भनेर लेखेकी थिइन् । आफू मनोनयनमा नपर्नुको पीडा उनले फेसबुकमा पोखेको स्पष्ट बुझिन्थ्यो । तर, अवार्ड किन्न सकिन्छ भनेकी उनै श्रद्धाले यसै साता एक अवार्ड खुसीपूर्वक ग्रहण गरिन् ।

उनले अवार्ड उचाल्दै गर्दा उनकै फेसबुक स्टाटसलाई लिएर प्रश्न उठेको छ, 'के उनले पनि किनेरै अवार्ड लिएकी हुन् त ?' यो प्रश्न उठ्नु स्वभाविकै हो । किनकि, उनी आफैंले फेसबुकमा अवार्ड किन्न सकिन्छ भनेर खुलेरै भनेकी छन् । कि अरुले पाएको अवार्ड मात्र किनेको हुने हो ? अरुतिर औंला उठाउँदा तीनवटा औंलाले आफैंलाई देखाइरहेको हुन्छ भन्ने ख्याल चाहिँ श्रद्धाले राख्नुपर्छ ।

# प्रभासको अठोट- 'अब वर्षमा २/३ वटा फिल्म गर्छु'

फिल्मीखबर, काठमाण्डु । 'बाहुबली' श्रृंखलाबाट लोकप्रियताको उत्कर्षमा पुगेका साउथ सुपरस्टार प्रभास अभिनीत नयाँ फिल्म 'आदिपुरुष' यही जून १६ मा प्रदर्शन हुँदैछ । फिल्ममा उनले भगवान् रामको चरित्र निर्वाह गरेका छन् । यो फिल्म उनले झन्डै दुई वर्ष लगाएर पूरा गरेका हुन् । 'बाहुबली'को दुईवटा श्रृंखलाका लागि पनि उनले ५ वर्षको समय दिएका थिए । जसले गर्दा उनले धेरै फिल्ममा काम गर्न पाएनन् ।

अब भने उनी वर्षमा २/३ वटा फिल्ममा काम गर्ने योजनामा छन् । बुधबार 'आदिपुरुष'को नयाँ ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने, 'म बोल्नुभन्दा काममा बढी विश्वास गर्छु । र, दर्शकको साथ मेरो तागत हो ।

अहिले म आफ्नो रुटिनभन्दा बढी फिल्ममा काम गरिरहेको छु र हरेक वर्ष अब मेरो २/३ वटा फिल्म आउनेछ । म कोशिश गरिरहेको छु कि कसेकम वर्षमा २/३ वटा फिल्म गरुँ ।'उनी 'आदिपुरुष' आफ्नो लागि फिल्मभन्दा बढी रहेको बताउँछन् । 'मेरो लागि 'आदिपुरुष' सिर्फ एक फिल्मभन्दा कयौं ज्यादा हो । म आफू यो फिल्मको हिस्सा बन्न पाएकोमा भाग्यमानी ठान्दछु,' उनी भन्छन् । हिन्दू महाकाव्य रामायणमा आधारित भएर बनेको फिल्ममा प्रभासका अलावा कृति सेनन, सैफ अली खान, अमिताभ बच्चन, काजोल, सनी सिंह, कीर्ति सुरेशको पनि अभिनय छ ।

फिल्मको ट्रेलर रिलिजभन्दा अगाडि प्रभासले निर्देशक ओम राउतसँग तिरुपति मन्दिरमा पूजाआजा गरेका थिए । उनले तिरुपति मन्दिरमा नै विवाह गर्ने वाचा समेत गरेका छन् । कुनै बेला 'बाहुबली' अभिनेत्री अनुष्का सेट्टीसँग उनको प्रेम चर्चा चलेको थियो । अहिले 'आदिपुरुष' अभिनेत्री कृति सेननसँग उनको नाम जोडिएको छ । तर, दुवैले अफेयरको चर्चालाई अफवाह बताएका छन् ।

# 'हेम्जाकोट'मा विनोदको कमिक टाइमिङ राम्रो

काठमाण्डु । अभिनयमा अब्बल हुँदाहुँदै पनि ओझेलमा परेका कलाकार हुन्, विनोद न्यौपाने । प्रायः मेकर स्टारको पछाडि दौडिँदा उनी जस्ता प्रतिभावान कलाकारहरु भने कामको लागि भौतारिनु पर्ने अवस्था छ । दर्शकको रोजाईमा पनि उनी जस्ता कलाकारको फिल्म पर्दैनन् । विनोदले अहिलेसम्म आफ्नो अभिनयमा खोट दिने ठाउँ छाडेका छैनन् । तर, करिअरले फड्को मार्न पनि सकेको छैन । उनै, विनोदको मख्य भूमिका रहेको नयाँ फिल्म 'वेलकम टू हेम्जाकोट' यही शुक्रबारबाट प्रदर्शन हुँदैछ । मंगलबार काठमाडौंको एफक्यूब हलमा फिल्मको प्रिमियर आयोजना गरिएको थियो, जहाँ विनोदकै अभिनयको प्रशंसा भयो ।

हेम्जाकोटको जनजीवन, वैदेशिक रोजगारीले निम्त्याएको समस्या, बेरोजगारी, जातीय विभेदलगायतको पाटोलाई फिल्मले दृश्यभाषामार्फत् देखाएको छ । फिल्ममा विनोद बेरोजगारी युवाको भूमिकामा छन् । तर, उसलाई भविष्यको चिन्ता छैन । मनमौजी छन् । दिनभर गाउँ डुलेर केटी जिस्काउनुबाहेक उसको अरु काम छैन । घरमा बस्दा पिताको गाली मात्र सुन्नुपर्छ । एक दिन उसलाई विदेश जाने भूत सवार हुन्छ । त्यसपछि उसको जीवनमा आउने उतार-चढावमा नै फिल्म केन्द्रित छ । फिल्म कथादेखि प्रस्तुतीकरणसम्ममा चुकेको छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरु

## ॥ शादी ॥

शादी नहुई बर्बादि हो गई
अपनी पत्नी कि ख्वाइसो से वाकिफ हो गइ
माँ को लगा बेटा पराया हो गइ
पिता को एहसास होने लगा बेटे कि दुरिया
शादी नहुई बर्बादि हो गई
ससुरालमे मानो सबके मनमे लड्डु फुट रहि
साली कहतिहे जिजा मतवाला हो गया
मे क्या हुँ खुदको भुला बैठा
सभिको करना हे प्यार
अपनो से सहि नहि जाति दुरिया वार वार
हाए रे शादी कैसि ये रिवाज
माँ का दुलार बेटे से बेटे का प्यार पत्नि से
भुला नहि सक्ता हम माँ का प्यार बाप का डाँट
तब जाके आज इस सफलताके मोकाम पे हु
पत्नी को चाहिए ढेर सारे गहना वाला प्यार
माँबाप को चाहिए वहि हंस्ताबोलता लाडला
शादी नहुइ आबादी हो गइ
अपनि पत्निकि परछाइ बनगई



**प्रमोद राम**
**जनकपुर ९**

## कविता

मिथिलाधाम
कोशि बहै छै कमला
बहै छै और बहै छै
बलान यौ
स्वर्ग सँ सुन्दर दुनिया मे
भैया छै ई अपन मिथिला
धाम यौ
एक प एक किसान भैया
उबजबै निक निक
अंण पानी यौ
सबगोटे के पेट भरै है करै
छै पुण्य के काम यौ
एक प एक देवी देवता
यहीं मिथिला नगरी मे अछि
जनक दुलारी सिता मैया
के चर्चा सगरो सोर यौ
स्वर्ग सँ सुन्दर दुनिया मे भैया
छै ई अपन मिथिला धाम यौ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल मरुभुमी देश दोहा कतार**

## कविता

मुर्छित छन मान्छे सरा बाहिरको प्रहारबाट
निराशामा र हतासामा पलपलको हारबाट
बनाई आफन्त सम्झेर नाता गाँसि बसे
पिडित छन् सारा उसकै कुरो को मारबाट
दुनियादारी सिक्न निस्केके ए मान्छेहरु
सुरुवात त हुन्छ जाने पछि स्वको सारबाट
जसको तन कालो हिलोले मलिन भाकोछ
भने कसरी सुगन्धित हुन्छ पुष्पको हारबाट
नवनिर्माणको काज अगाडी सार्न चाहनुहुन्छ
भने रोडरोलर चाहिन्छ हुदैन केही कारबाट



**प्रमोद महतो**
**बसन्तपुर, सर्लाही**

## कविता - पढेर गल्ती गरे -

पढेर गल्ती गरे
मैले पढेर गल्ती गरे
आफूसँगको साथी बेलैमा वृद्धि पुर्याए
खाडी छिरे खल्ती भरे
म धन भन्दा विधा ठूलो हो भन्दै गरे
अहिले वुद्धि अऊदै छ
म घनघोर अभावको खाडलमा परे
भन्छन् साथीहरू पढेर ठिक गरिस
प्रगति गरिस......।
खल्तीभित्र अभावको पोकाहरु बोकेर हिँड्नु
आफ्नै सपनाले घच्घच्याई रहदा
टाउको ठोकर हिड्नु
ऋभचतषष्अबतभ ले खाना दिएन
बजारमा बिकेन
मलाई भोक लाग्यो मुखले भन्दा
हैन भोक छैन
भन्दै पेट छामेर हिड्नु
भन्छन् साथीहरू पढेर ठिक गरिस
प्रगति गरिस ........।
पढेर झन तल परिस
पढाइ ठूलो हो तर यो देशमा होइन
अब एकछिन पनि यहाँ बस्ने मन छैन
पुरा गर्न नसकेका जिम्मेवारीहरुले
शिर ठाडो गर्न दिँदैन
कायर छोरो जन्माइछ्यौ आँमा
मेरो लागि आशुं बगाऊनु पर्दैन
वर्षौ लगाएर अभचतषष्अबतभ किनेको मान्छे म
एबककउयचत किन्दै छु
ऋर्यभिनभ मा नपढ्ने साथी राजनीति गर्थ्यो
:बलउयधभच खोले छ
कुण्ठित पढाइ कि पावर
बल्ल चिन्दै छु
मान्छे बेच्नेहरु पनि राजा नै रैछन यहाँ
यिनकै पछि हिड्दै छु
बाऊको आस आमाको काख
रितो बनाएर यो देश पनि
बिदाई दिँदै छु



**कमलेश कु. यादव**
**जनकपुरधाम**
Janaki health Care & Teaching hospital

## कविता :- कर्म

लड्न आउछन् विघ्न बाधा
जीवनको क्षण क्षणमा ।
तर, लड्नुपर्छ प्राण पर्यन्त
युद्धको भीषण रणमा ॥
बस्नुपर्छ वीर योद्धा बनि
पराक्रम साहस-रथमा ।
दौडाउनुपर्छ कर्म-घोडा
जीवनको लक्ष्य पथमा ॥
बगाउछन् निःस्वार्थ पसिना
जसले निरन्तर अभ्यासमा ।
हुन्छन् उसैको नाम अमर
तीनकाल इतिहासमा ॥
कायरता कलङ्क लगाई
नजाऔ कहिल्यै मरेर ।
मिल्दैन पुनः सुन्दर जीवन
जानुपर्छ केही गरेर ॥



**राम मण्डल**
**Universal Academy College**
**ठेगाना:- लक्ष्मीनिया गाऊँपालिका -१**
**गाउँ :- सिनुरजोडा धनुषा,नेपाल**

## गजल

लात माइरकें कात क'देलकए
फेर''स विश्वास घात क'देलकए
चोर, फटहा, डकैत दलाल सभ
मधेशीया कें ऐकात क'देलकए
रवि,राजेन्द्र,आ इ ओलिया साहीं
न ं हंसी बला बात क'देलकए
यादब,राउत,महतो, ठाकुर कें
फेर'स जुत्ता-लात क'देलकए
अछि त ं निर्लज एहो पाचों भाइ
तें ने बेर-बेर घात क'देलकए



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**
**सिरसिया**

# प्रतिनिधिसभामा तातोहावा (लु)को जोखिमबाट जोगाउन माग



काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा तराई मधेसमा अति गर्मीका कारण लुको खतरा देखिएकाले स्वास्थ्य उपचारमा सजगकता अपनाउन माग गरिएको छ ।

बैठकमा सांसद रञ्जुकुमारी झाले गर्मीका कारण तराई मधेसका नागरिकको जीवन कष्टकर भएको जनाउँदै अस्पतालमा उचित जनशक्ति, उपकरण र सेवाको सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सो समयमा सांसदहरुले 'लम्कीस्किन' रोगबाट पशु चौपाया मर्न थालेको, मेलम्ची खानेपानी आयोजनाको मर्मत नभएको, सडक खाल्टाखुल्टी परेको तथा खानेपानी, शिक्षा र खानेपानीको प्रबन्ध नगरिएको र विद्यालय कर्मचारीको सुविधा वृद्धि गर्ने तर्फ ध्यान नपुगेकामा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

शून्य समयमा सांसदहरु विमला सुवेदी, भानुभक्त जोशी, भीमप्रसाद आचार्य, मनबहादुर गुरुङ, मनिष झा, महेन्द्रबहादुर शाही, महेश बर्तौला, महेश बस्नेत, माधव सापकोटा, मीना यादव, मीना तामाङ,मञ्जु शर्मा अन्सारी, रघुजी पन्त, रणकुमारी बलम्पाकी मगर, रणेन्द्र बराली, रमा कोइराला पौड्याल, राजु थापा, राजेन्द्रकुमार केसी, राजेन्द्रकुमार राई, रामकुमार राई, रामनाथ अधिकारी, रामशङ्कर यादव, रामप्रकाश चौधरी, रामहरि खतिवडा, रुपा जोशी चौधरी, लक्ष्मी तिवारी, लालप्रसाद साँवा लिम्बू, लीलानाथ श्रेष्ठ, लेखनाथ दाहाललगायतले भाग लिनुभएको थियो । रासस

# जिल्ला निर्वाचन कार्यालय खारेज गर्न खोजिएको होइन : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जिल्ला निर्वाचन कार्यालय खारेज गर्न खोजिएको नभई नयाँ ढङ्गले व्यवस्थापन गर्न खोजिएको बताउनुभएको छ । प्रधानमन्त्री दाहालले शुक्रबार निर्वाचन आयोगका पदाधिकार ीसँगको भेटमा आयोगको क्षेत्राधिकारमा सङ्कुचन वा प्रतिकूल प्रभाव पर्न नदिने कुरामा सचेत रहेको बताउनुभएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सरकार आयोगको स्वतन्त्रता, स्वायत्तता र क्षेत्राधिकारमा सङ्कुचन वा प्रतिकूल प्रभाव पर्न नदिने कुरामा सचेत छ ।"

प्रधानमन्त्री दाहालले आयोगले प्रारम्भ गर्न खोजेको निर्वाचन व्यवस्थापन ऐन, मतदाता नामावली सङ्कलन र अन्तर्राष्ट्रिय सम्मेलनका कार्य अगाडि बढाउन सरकारको सम्पूर्ण सहयोग रहने बताउनुभएको दिनुभएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

कार्यक्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री डा प्रकाशशरण महतले जिल्ला निर्वाचन कार्यालयको विषयमा आयोगको धारणाअनुसार व्यवस्थापन गरिने बताउनुभएको थियो ।

आयोगले आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको अनुसूचीमार्फत जिल्ला निर्वाचन कार्यालयको विषयमा गरिएको



व्यवस्था, निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक सरकारमार्फत संसद्मा पेश गर्नेबारे, स्थानीय तहमार्फत मतदाता नामावली सङ्कलन प्रारम्भ गर्ने विषय, विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली सङ्कलन गर्ने सम्बन्धमा प्रधानमन्त्रीसँग छलफल गरेको थियो ।

यस्तै सन् २०२३ सेप्टेम्बर २० र २१ मा नेपालमा आयोजना हुने 'एसियन इलोक्ट्रोल स्टेकहोल्डर्स फोरम'को छैटौं सम्मेलन र ' फोरम इलेक्सन म्यानेजमेन्ट अफ साउथ एसिया'को १२ औं बैठकका विषयमा पनि छलफल भएको थियो ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नेपालको संविधानको धारा २४६ ले तोकेको जिम्मेवारी र धारा २४७ तथा प्रचलित निर्वाचन कानुनअनुसार निर्वाचन आयोगलाई आफ्नो कार्यसम्पादनका लागि आवश्यक पर्ने कर्मचारी, स्रोत, साधन एवं भौतिक संरचना नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने संवैधानिक दायित्व रहेको सन्दर्भ उल्लेख गर्दै जिल्ला निर्वाचन कार्यालयको आवश्यकता बारे स्पष्ट पार्नुभयो । उहाँले निर्वाचन आयोग ऐनमा निर्वाचन आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा सरकारले स्वीकृत गर्ने र आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी सरकारले उपलब्ध गराउनुपर्ने व्यवस्था भएको अवगत गराउनुभएको थियो ।

उहाँले तीनै तहको आवधिक निर्वाचन तथा उपनिर्वाचन गर्न तथा मतदाता नामावली सधैं अद्यावधिक राख्न जिल्लास्थित आयोगका संरचनालाई अझ बढी सबल, सक्षम, प्रभावकारी र प्रविधिमैत्री बनाउँदै लैजान सुझाव दिनुभएको थियो । उहाँले प्रस्तावित नयाँ व्यवस्थाअनुसार जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ खडा गरिने व्यवस्थाले निर्वाचनमा सरकारको प्रत्यक्ष संलग्नता रहेको मानिने, निर्वाचनको वैधतामाथि प्रश्न चिह्न खडा हुने अवस्थामा आयोगले जवाफदेहिता लिन नसक्ने जनाउँदै सरकारले प्रस्ताव गरेको व्यवस्था शक्ति सन्तुलन, नियन्त्रण र शक्तिपृथकीकरणको सिद्धान्त एवं संविधान तथा कानुन प्रतिकूल हुन जाने पनि उहाँको भनाइ थियो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्मा, निर्वाचन आयोगका आयुक्त,सरकारका मुख्य सचिव र आयोगका सचिवसमेतको उपस्थिति थियो । रासस

# करका दर वैज्ञानिक रुपमा प्रस्ताव गरिएको छ : अर्थमन्त्री डा महत

**विद्युतीय सवारीमा कर वृद्धि तथा प्याज, आलु र स्याउमा भ्याट लगाउँदा आम नागरिकलाई समस्या परेको भाष्य स्थापित गर्न खोजिएको छ ।**

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटमा राजस्वका दर वैज्ञानिक रुपमा प्रस्ताव गरिएको बताउनुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले विद्युतीय सवारी साधानमा कर तथा दैनिक उपभोग्य वस्तुमा मूल्यअभिवृद्धि कर (भ्याट) लगाउँदा आमनागरिकलाई असर नगर्ने बताउनुभयो ।

"विद्युतीय सवारीमा कर वृद्धि तथा प्याज, आलु र स्याउमा भ्याट लगाउँदा आम नागरिकलाई समस्या परेको भाष्य स्थापित गर्न खोजिएको छ, त्यो भ्रममा नपर्नु होला", उहाँले भन्नुभयो, "विद्युतीय सवारीमा कर तर्कयुक्त ढङ्गले कायम गरेका हौं, बढाएको होइन, कम क्षमताका सवारीका लागि कम दर, बढी क्षमताका लागि बढी, त्योभन्दा पयनि बढी क्षमताका गाडीलाई अझ बढी दर लगाइएको हो ।"

कर लगाउँदा विद्युतीय गाडी छाडेर पेट्रोलियममा आधारित सवारीमा कोही पनि नजाने भन्दै उहाँले बजेटमा त्यसको सुनिश्चिता गरिएको बताउनुभयो ।

"तुलना गर्नुस् तल्लास्तरका पेट्रोलियम सवारीमा लागेको करभन्दा विद्युतीय सवारीमा लागेका करका दर धेरै कम छन्", अर्थमन्त्री डा महतले भन्नुभयो, "राजस्व पनि साह्रै न्यून नहुने, विद्युतीय सवारीको प्रवर्द्धन पनि नघट्ने गरेर करका दर व्यवस्था गरेका छौं ।"

अब विद्युतीय सवारीमा जानुपर्ने, पेट्रोलियम पदार्थको उपयोग घटाउने तथा यातायात क्षेत्रमा विद्युत्को प्रयोग बढाउने उद्देश्यका साथ कम दर प्रस्तावित गरिएको उहाँको भनाइ छ ।

"यसमा कुनै पनि दायाँबायाँ गरिएको छैन", उहाँले भन्नुभयो ।

विद्युतीय सवारी साधनमा करको दर सामान्य वृद्धि गर्न आफूले प्रस्ताव गरेको उल्लेख गर्दै उहाँले प्रश्न गर्नुभयो, "आफैं दर बढाउन प्रस्ताव गरेको छु मैले नै सूचना चुहाउँदै हिँड्छु ? म व्यापारीको पक्षमा भए त त्यही दर राख्थैं नि ।"

विद्युतीय सवारीमा कर घटाउने अवस्था नरहेको र कर नघट्ने प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, "के यथावत् रहला, नत्र केही न केही बढ्छ ।" स्वार्थ समूहले आफूले विद्युतीय सवारीमा कर बढाएको विषयमा हल्ला गरेको बताउँदै उहाँले एउटै गाडीमा दशौं लाख फाइदा उठाउँदै आएका र उनीहरुको 'मार्जिन' घट्ने भएकाले रिसाएको बताउनुभयो ।

अर्थमन्त्री डा महतले राजस्वलाई वैज्ञानिकरुपमा राखिएको, भ्याटको दायरालाई विस्तार गरिएको, स्थानीय उद्योग व्यवसायलाई प्रवर्द्धन गरिएको बताउनुभयो ।

उहाँले 'मेड इन नेपाल, मेक इन नेपाल' नारालाई सार्थक बनाउने विषय बजेटमा उल्लेख गरिएको प्रस्ट पार्नुभयो ।

"विदेशबाट सामान ल्याएर यहीं जोडजाड गर्छ, नेपालीलाई रोजगारी पनि दिन्छ, आन्तरिक अर्थतन्त्र गतिशील हुन्छ, त्यसकारण राजस्वका दर प्रस्तावित गरेका हौं ।

करका दर प्रस्ताव गर्दा केही सामान्य त्रुटि भएर छुटेका हुन सक्छन्, नभए त्यस्ता उत्पादनलाई एक तहको संरक्षण गरेका छौं", अर्थमन्त्री डा महतले भन्नुभयो ।

यो सुविधाले स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्न ठूलो मद्दत गरेको उहाँको भनाइ छ । सरकारले सही मनसायले मात्रै काम गर्ने जनाउँदै उहाँले त्यसमा सत्तापक्ष र प्रतिपक्षको सहयोग रह्यो भने मात्र नेपाली अर्थतन्त्र फाइदामा रहने बताउनुभयो । रासस

# बजेट कार्यान्वयनमा सांसदको जोड



काठमाण्डु । सांसदहरुले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट असाध्यै महत्वाकांक्षी भएकाले कार्यान्वयनमा चुनौती रहेको टिप्पणी गर्नुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिने सांसदहरुले बजेट कार्यान्वयनका आधारबारे प्रश्न गर्नुभयो ।

शुक्रबारको बैठकमा बोल्ने अधिकांश सांसदले बजेटमा असार मसान्तदेखि नै प्रभावकारी अनुगमन गर्दै बजेट कार्यान्वयन गर्ने उल्लेख भए पनि कुन विधिद्वारा कार्यान्वयनमा गर्ने भन्नेमा सरकारले प्रष्ट पार्नुपर्ने बताउनुभयो ।

सांसद जयन्ती राईले बजेटमा नयाँ विषय समावेश गरिएको, प्रगतिशील कार्यक्रम र विकासका योजना समेटिएको उल्लेख गर्दै जस्ताकोतस्तै कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कृष्णप्रसाद पौडेलले सुझबुझका साथ आम नेपालीको इच्छा, आकाङ्क्षा, आशा र भरोसा जित्ने बजेट आएको उल्लेख गर्दै बजेटलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरेर जानुपर्ने बताउनुभयो । "बजेटको कार्यान्वयन सही ढङ्गले होस्, आम नागरिकले यसको प्रतिफल प्राप्त गर्न सकून्", उहाँले भन्नुभयो ।

सांसद जीतेन्द्रनारायण देवले नेपालको आर्थिक परिस्थितिको सन्दर्भमा बजेट सन्तुलित, व्यवहारिक र राष्ट्रहितमा केन्द्रित रहेको बताउनुभयो । सांसद देवेन्द्र दाहालले बजेटमा सांसदले उठाएका विषय सम्बोधन गर्ने अवस्था नरहे बजेटमाथि छलफल गर्नुको अर्थ नभएको बताउनुभयो । सांसद हरिराम चौधरीले अवैधानिक बाटोबाट वैदेशिक रोजगारीमा पुगेर अलपत्र परेका, मृत्यु भएका श्रमिकको उद्धारमा बजेटले ध्यान दिन नसकेको बताउनुभयो । रासस

# बजेटमाथिको सामान्य छलफल सम्पन्न

काठमाण्डु । राष्ट्रियसभामा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफल सम्पन्न भएको छ ।

बजेटमाथिको सामान्य छलफल सम्पन्न भएपछि राष्ट्रियसभाको आजैको दोस्रो बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले छलफलमा उठेका प्रश्नको जवाफ दिने कार्यक्रम छ । राष्ट्रियसभामा यही जेठ २४, २५ र २६ गते बजेटमाथि सामान्य छलफल भएको थियो ।

यही जेठ २४ गतेको बैठकमा अर्थमन्त्री डा महतले ' आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्' भनी प्रस्ताव गर्नुभएको थियो ।

सरकारले यही जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गरेको थियो । राष्ट्रियसभाको अर्को बैठक आजै १६ मिनेटपछि बस्नेछ । रासस

# असंवैधानिक, अराजक र अशान्तिपूर्ण गतिविधिलाई छुट दिइन्न : गृहमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रदेशसभाको नामकरणलाई लिएर विरोध गर्नेलाई संविधान, लोकतन्त्र र शान्तिपूर्ण बाटोको माध्यम प्रयोग गर्न सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले पार्टीका केन्द्रीय सदस्य एवं एमाले कोशी प्रदेशसभाका संसदीय दलका उपनेता रामबहादुर रानामाथि बिहीबार इलामको चिसापानीमा आक्रमण भएको घटनालाई लिएर विरोध गरेपछि जवाफ दिने क्रममा उहाँले सो कुरा बताउनुभएको हो । उहाँले असंवैधानिक, अराजक अशान्तिपूर्ण र ध्वंशात्मक गतिविधि राज्यले स्वीकार गर्न नसक्ने स्पष्ट पार्नुभयो । गृहमन्त्री श्रेष्ठले उक्त घटनाका बारेमा आफूले एमालेका अध्यक्ष केपी शर्मा ओली र सम्बद्ध नेता, प्रदेशसभा सांसद राना र कोशी प्रदेशका उपसभामुख सिर्जना दनुवारसँग पनि संवाद गरेको उल्लेख गर्नुभयो । उहाँले दोषीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीले काम गरिरहेको जानकारी गराउनुभयो । प्रदेशको नामकरण सम्बन्धित प्रदेशको अधिकार क्षेत्र भएको र पहिचानका पक्षधरले पहिचानका आधारमा नामकरण हुनुपर्ने आवाजलाई वैचारिक र शान्तिपूर्णरुपमा सञ्चालन गर्न सक्ने उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले राजनीतिक समस्यालाई वार्ताका माध्यमबाट गर्न सुझाव दिनुभयो ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीको झापा यात्राका क्रममा भएको ढुङ्गामुढाका घटनामा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याउने, सार्वजनिक सम्पत्तिको नष्ट गर्ने र प्रदेशका मन्त्री र सांसदको सुरक्षाका लागि सरकार दृढतापूर्वक लाग्ने उपप्रधानमन्त्री श्रेष्ठको भनाइ थियो । उहाँले आन्दोलन र बलिदानबाट आएको लोकतन्त्र, संविधान र सङ्घीयतालाई चुनौती दिने कुनै पनि कार्य स्वीकार्य नहुने स्पष्ट गर्दै अराजक, उदण्ड र गैह्रकानुनी कामलाई प्रोत्साहन नदिन सरकार प्रतिबद्ध रहेको सुनाउनुभयो ।

उहाँले गतिविधि नियन्त्रण बाहिर जान नदिन प्रदेशको नामकरणका सम्बन्धमा राजनीतिक वार्ता र संवाद वा उपयुक्त निकासको उपाय अपनाएर संविधान र सङ्घीयताको रक्षा गर्ने गरी अघि बढ्न सम्बन्धित नेता र पक्षलाई आग्रह गर्नुभयो । रासस


## नगराइन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### नगराईन, धनुषा

## पालिका शिक्षकहरूको आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०२/२६

यस नगराइन नगरपालिकाको शिक्षा समितिको निर्णयानुसार गठित शिक्षक छनोट सहयोग समितिको मिति २०८०/०२/२६ गते बसेको बैठकको निर्णयानुसार तपसिलमा उल्लेखित पद तथा तहमा पालिका शिक्षकहरुको नियुक्ति गर्न विज्ञापन गरिएको व्यहोरा सरोकारवाला सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| वि.नं. | पद | तह | श्रेणी | विषय | संख्या |
|---|---|---|---|---|---|
| १/०८० | मा.शि. | माध्यमिक | तृतीय | नेपाली | १ |
| २/०८० | मा.शि. | माध्यमिक | तृतीय | सामाजिक | १ |
| ३/०८० | नि.मा.शि. | निम्न माध्यमिक | तृतीय | गणित/विज्ञान | २ |
| ४/०८० | नि.मा.शि. | निम्न माध्यमिक | तृतीय | नेपाली | २ |
| ५/०८० | नि.मा.शि. | निम्न माध्यमिक | तृतीय | सामाजिक | २ |
| ६/०८० | नि.मा.शि. | निम्न माध्यमिक | तृतीय | अंग्रेजी | १ |
| ७/०८० | नि.मा.शि. | निम्न माध्यमिक | तृतीय | कम्प्युटर | १ |
| ८/०८० | बाल विकास शिक्षिका | | | | २ |

**योग्यता :**

१. नेपाली नागरिकता प्राप्त गरेको
२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. मगज नविग्रेको
४. नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठरिएको
५. शैक्षिक योग्यताः क) विज्ञापन नं १ र २ को लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह योग्यता प्राप्त गरेका
   ख) विज्ञापन नं ३, ४, ५, ६ र ७ को लागि सम्बन्धित विषयमा १२ कक्षा वा सो सरह योग्यता प्राप्त गरेका
   ग) विज्ञापन नं. ८ को लागि सम्बन्धित विषयमा एस इ इ वा सो सरह योग्यता प्राप्त गरेका
६. वि.नं. ८ बाहेकका विज्ञापनमा अध्यापन अनुमति पत्र भएको हुनु पर्नेछ ।
७. तलब सुविधाः नगरपालिकाले तोके बमोजिम हुनेछ ।
८. दरखास्त बुझाउनु पर्ने अन्तिम मितिः मिति २०८०/०३/०३ गते सम्म
९. सम्पर्क मिति : दरखास्त बुझाउनु पर्ने अन्तिम मितिको भोलिपल्ट
१०. दरखास्त दस्तुर मा.शि.को रु १५००/- (एक हजार पाँच सय) नि.मा.शि.को रु १०००/- (एक हजार) र बाल विकासको रु. ७००/- (सात सय)
११. दरखास्त दस्तुर नगराईन नगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक नगराईन शाखामा रहेको खाता न. १३१०१४००००१५४ मा जम्मा गरेको सक्कलै भाउचर निवेदन साथ पेश गर्नु पर्नेछ ।
१२. आवेदन फारम भर्नको लागि शिक्षक सेवा आयोगले तोकेको दरखास्त फारम प्रयोग गर्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ठुलो धनराशि खर्चिएर धमाधम प्रभावशाली खेलाडी भित्र्याउँदै साउदी लिग

**एजेन्सी**

काठमाण्डु । स्थापनाको हिसाबले नेपालको व्यवसायियक लिगभन्दा पनि निकै कान्छो हो, साउदी अरेबियाको व्यवसायी फुटबल लिग । नेपालमा सहिद स्मारक 'ए' डिभिजन लिग सन् १९५४ बाट सुरु भएको हो । स्थापनको ६९ वर्ष पुगिसक्दा नेपाली व्यवसायी लिगले हालसम्म गतिलो प्रायोजक पाउनसमेत ठुलै सङ्घर्ष गर्नुपर्ने अवस्था छ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जारी सिजनको 'ए' डिभिजन लिगका लागि पनि 'टाइटल स्पोन्सर' पाउन सकेन ।

अर्कोतिर, साउदी प्रिमियर लिग (एसपीएल) सुरु भएको भर्खर ४७ वर्ष पुग्दै छ । साउदी अरेबियामा सन् १९७६ बाट व्यवसायी लिग सुरु भएको हो । तर, स्थापनाको छोटो अवधिमै साउदीको व्यवसायिक लिगले विश्व फुटबलमा निकै ठुलो फड्को मार्दैछ ।

पछिल्लो समय विश्वका चर्चित खेलाडीहरूको ध्यान साउदीको व्यवसायिक लिगतर्फ तानिएको छ । विश्व फुटबलका हस्ती खेलाडीहरु एसपीएलमा आबद्ध हुन लालयित देखिन्छन् । स्थापित क्लबहरूबाट युरोपियन लिग खेलिरहेका खेलाडीसमेत एसपीएललाईआफ्नोगन्तव्यबनाउन आतुर देखिन्छन् ।

स्पेनिस क्लब रियल म्याड्रिड र इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर युनाइटेडबाट व्यवसायिक फुटबल खेलिसकेका चर्चित पोर्चुगिज स्ट्राइकर क्रिश्चियानो रोनाल्डो पनि पछिल्लो समय एसपीएलमै सक्रिय छन् । उनी अल नासर क्लबबाट साउदीको व्यवसायी लिग खेल्छन् । रोनाल्डो उक्त क्लबका कप्तान पनि हुन् ।

पछिल्लो समय फिफा बालेन डी'ओर विजेता फ्रान्सेली खेलाडी करिम बेन्जेमा पनि साउदी व्यवसायी लिगमा आबद्ध भएका छन् । स्पेनिस 'पावर हाउस' रियल म्याड्रिड छाडेसँगै प्रभावशाली खेलाडी बेन्जेमाले एसपीएल क्लब अल–इत्तिहादसँग सम्झौता गरेका छन् ।

अल–इत्तिहाद साउदी लिग च्याम्पियन क्लब हो । १४ वर्ष म्याड्रिडमा बिताएका फ्रान्सेली स्ट्राइकर बेन्जेमाले अल–इत्तिहादसँग तीन वर्षको लागि सम्झौता गरेका हुन् । उनी सन् २०२६ सम्म अल–इत्तिहादमा रहने बताइएको छ । उनलाई क्लबले वर्षिक १० करोड अमेरिकी डलर पारिश्रमिक उपलब्ध गराएको बताइएको छ ।

यसका अतिरिक्त साउदी व्यवसायिक लिग क्लबले स्टार अर्जेन्टिनी खेलाडी लियोनल मेस्सीमाथि पनि आँखा लगाएको थियो । मेस्सीका प्रतिनिधि र साउदी क्लबका प्रतिनिधिबीच विभिन्न चरणमा वार्ता पनि भएको थियो । तर, फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मन (पीएसजी) छाडेर मेस्सी अप्रत्याशित रूपमा अमेरिकी क्लब इन्टर मियामीसँग जोडिन पुगेका छन् ।

साउदी क्लब अल हिलालसँगै स्पेनिस 'पावर हाउस' बार्सिलोनाले पनि मेस्सीलाई भित्राउन ठुलै कसरत गरेको थियो । तर, 'फिनान्सियल फेयर प्ले' का कारण न मेस्सीको अल हिलाल यात्रा सम्भव भयो न त बार्सिलोना यात्राले नै मूर्तरूप लिन सक्यो । साउदीको व्यवसायी फुटबल लिगमा हाल १८ वटा क्लब आबद्ध छन् । प्रत्येक क्लबले आठ/आठजना विदेशी खेलाडी दर्ता गर्न पाउने नियम छ ।

खासमा, साउदीको सरकार नै विश्वका प्रभावशाली खेलाडीहरूलाई आबद्ध गरेर एसपीएललाई विश्वकै चर्चित लिग बनाउन चाहन्छ । साउदी सरकारले यसका लागि योजना पनि अगाडि बढाइसकेको छ । साउदी सरकारकै सक्रियतामा एसपीएलमा भित्र्याउने चर्चित खेलाडीहरूको सूची नै तयार पारिएको समाचार पनि बाहिर आएको छ ।

त्यसका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन पनि साउदी सरकारले गरिसकेको छ । साउदी सरकारले खासगरी सरकारी लगानी रहेको संस्था पब्लिक इन्भेस्टमेन्ट फन्ड (पीआईएफ) मार्फत प्रक्रिया अगाडि बढाउने गरेको छ । यसअघि साउदी सरकारले पीआईएफमार्फत नै गल्फ खेलमा ठुलो धनराशि लगानी गरेको थियो ।

गल्फपछि साउदी सरकारको ध्यान घरेलु व्यवसायी लिग फुटबलले तानेको हो । साउदी सरकारले फुटबलमा पनि पीआईएफमार्फत नै ठुलो धनराशि लगानी गर्ने योजना बनाएको हो । हालै सार्वजनिक एक समाचार अनुसार, पीआईएफले साउदीका चार वटा ठुला क्लबको स्वामित्व लिने भएको छ । ती चार क्लब हुन्, अल नासर, अल हिलाल, अल अहली र अल इत्तिहाद ।

उसो त, साउदी अरेबियाका सबै क्लब पहिलेदेखि नै खेलकुद मन्त्रालयको अधीनमा रहँदै आएका छन् । त्यसमध्ये पनि पीआईएफले चार क्लबलाई प्राथमिकतामा राखेको हो । पीआईएफले यी चार क्लबको ७५ प्रतिशत सेयर खरिद गर्न लागेको समाचारमा जनाइएको छ ।

पीआईएफले इङ्लिस प्रिमियर लिग क्लब न्युकासल युनाइटेडको पनि ८० प्रतिशत सेयर खरिद गरेको छ । पीआईएफ चार प्रमुख क्लबको स्वामित्व लिएपछि साउदीका केही प्रतिष्ठित कम्पनीहरूले पनि अन्य क्लबको स्वामित्व लिने तयारी गरिरहेका छन् । साउदीको घरेलु लिगलाई विश्वकै उत्कृष्ट व्यवसायी लिग बनाउने उद्देश्यले साउदी सरकारकै पहलमा यस्ता योजना अगाडि सारिएका हुन् ।

यही योजनाअन्तर्गत विश्व फुटबलका हस्ती खेलाडीलाई साउदी लिगमा भित्र्याउन इतिहासमै सबैभन्दा बढी पारिश्रमिकको प्रलोभन पनि दिइन्छ । तत्कालका लागि विश्वका २० जना प्रभावशाली खेलाडीलाई भित्राउन एक अर्ब अमेरिकी डलर पारिश्रमिक आवश्यक पर्ने पीआईएफको अनुमान छ ।

यसबीचमा, साउदी सरकारको योजनालाई मूर्तरूप दिने विषयमा दुई वटा विषय प्रमुख कारण बने । पहिलो साउदी लिगमा रोनाल्डोको आगमन । साउदी सरकारको योजनाअन्तर्गत नै रोनाल्डो गत नोभेम्बरमा अल नासरमा आबद्ध भएका थिए । यद्यपि, यो सिजनको साउदी लिगको उपाधि रोनाल्डोको क्लब अल नासरले जित्न सकेन । साउदी लिगको उपाधि अल इत्तिहादले चुम्यो ।

साउदी सरकारको योजनालाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अर्को पक्ष हो, हालै सम्पन्न फिफा विश्वकप ।

सन् २०२२ को विश्वकप कतारमा आयोजना भएपछि त्यसको सकारात्मक प्रभाव साउदीमा पनि परेको छ । कतार विश्वकपको उपाधि अर्जेन्टिनाले जित्यो तर, विश्वकपमा साउदीले अर्जेन्टिनालाई पहिलो खेलमै २–१ गोलले हराएको थियो । यो नतिजाले पनि साउदी फुटबललाई उत्साही बनाएको थियो ।

अर्कोतिर, साउदी अरेबियाले फुटबलको भौतिक पूर्वाधार निर्माणमा पनि निकै ठुलो रकम खर्च गरिरहेको छ । पीआईएफमार्फत नै साउदी सरकारले दुई ठुला सहर रियाद र जेद्दामा खेलकुदका अत्याधुनिक पूर्वाधार तयार पार्दै छ । यसदेखि बाहेक अन्य स्थानमा पनि पीआईएफले फुटबलका पूर्वाधार निर्माण गरिरहेको छ ।

**साउदी लिगमा आबद्ध महँगा खेलाडी**

**क्रिस्टियानो रोनाल्डो**

पोर्चुगिज स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले इङ्लिस क्लब म्यानचेस्टर युनाइटेडबाट साउदी व्यवसायी लिग क्लब अल नासरमा आबद्ध भएका हुन् । ३८ वर्षीय रोनाल्डोलाई भित्राउन अल नासरले ठुलो धनराशि खर्च गरेको छ । साउदी व्यवसायी लिगको इतिहासमै सबैभन्दा धेरै रकम पाउने खेलाडी हुन्, रोनाल्डो । उनले प्रत्येक साता ४४ लाख अमेरिकी डलर पारिश्रमिक पाउने छन् । यस आधारमा उनले वार्षिक २० करोड अमेरिकी डलर प्राप्त गर्नेछन् । यसका अतिरिक्त उनले क्लबबाट अन्य सुविधा पनि पाउँछन् ।

**एभर बानेगा**

अर्जेन्टिनी मिडफिल्डर एभर बानेगा सन् २०२० मा साउदी व्यवसायी लिगमा आबद्ध भएका हुन् । उनी साउदी क्लब अल साबबबाट व्यवसायी लिग खेल्छन् । उनी स्पेनिस क्लब सेभिया छाडेर अल साबबमा आबद्ध भएका हुन् । ३४ वर्षीय बानेगाले क्लबबाट प्रत्येक साता दुई लाख अमेरिकी डलर प्राप्त गर्छन् । उनको वार्षिक पारिश्रमिक एक करोड ६ लाख अमेरिकी डलर रहेको छ । उनी साउदी लिगमा सर्वाधिक पारिश्रमिक पाउने खेलाडीको सूचिमा दोस्रो नम्बरमा पर्छन् ।

**म्याथ्युज पेरेइरा**

ब्राजिलियन मिडफिल्डर हुन्, म्याथ्युज पेरेइरा । २७ वर्षीय म्याथ्युज सन् २०२१ मा साउदी लिगमा आबद्ध भएका थिए । सुरुमा अल हिलालमा आबद्ध भएका उनी हाल लोनमा अल वाहदाबाट व्यवसायी फुटबल खेल्छन् ।

उनले क्लबबाट प्रत्येक साता एक लाख ३१ हजार अमेरिकी डलर पाउँछन् । उनको वार्षिक पारिश्रमिक ६७ लाख अमेरिकी डलरको हाराहारी रहेको छ ।

**टालिस्का**

ब्राजिलियन आक्रामक मिडफिल्डर हुन्, टालिस्का । उनी चिनिया लिग खेलेर सन् २०२१ मा साउदी लिगमा आबद्ध भएका हुन् । उनी अल नासरबाट साउदी लिग खेल्छन् । २९ वर्षीय टालिस्काले क्लबबाट प्रत्येक साता एक लाख २६ हजार अमेरिकी डलर पाउँछन् । उनको वार्षिक पारिश्रमिक ६५ लाख अमेरिकी डलर हो ।

**अहमद हेगाजी**

इजिप्टका खेलाडी अहमद हेगाजी सन् २०२० मा साउदी लिगमा आबद्ध भएका हुन् । ३२ वर्षीय हेगाजी अल इत्तिहादबाट व्यवसायी फुटबल खेल्छन् । उनले क्लबबाट प्रत्येक साता एक लाख २२ हजार अमेरिकी डलर पाउँछन् । उनको वार्षिक पारिश्रमिक ६३ लाख अमेरिकी डलर हो । उनी अझै लामो समय सोही क्लबमा रहने छन् । उनी इजिप्टको राष्ट्रिय टोलीका महत्त्वपूर्ण सदस्य पनि हुन् ।

**मोउसा मारेगा**

फ्रान्समा जन्मिएका मोउसा मारेगा सन् २०२१ मा साउदी व्यवसायी लिगमा आबद्ध भएका हुन् । ३२ वर्षीय स्ट्राइकर मारेगाले अल हिलालबाट व्यवसायी फुटबल खेल्छन् ।

उनी मालीको राष्ट्रिय टोलीका खेलाडी पनि हुन् । उनले क्लबबाट प्रत्येक साता ९९ हजार अमेरिकी डलर प्राप्त गर्छन् । उनको वार्षिक पारिश्रमिक ४८ लाख अमेरिकी डलर हो ।




# अयोग्य घोषित खेलाडीले जितिन् फ्रेन्च ओपनको उपाधि

**एजेन्सी**

काठमाण्डु । वर्षको दोस्रो ग्रान्डस्लाम प्रतियोगिता फ्रेन्च ओपनको मिक्स डबल्सतर्फको उपाधि जानकी मियु कातो र जर्मनीका टिम पुएट्जको जोडीले जितेको छ । आफूलाई अयोग्य घोषित गरिएको चार दिनपछि नै बिहीबार राति मियोले मिक्स डबल्सको उपाधि चुमेकी हुन् । मिक्स डबल्सतर्फको फाइनलमा मियु र पुएट्जको जोडीले क्यानडाकी बियान्का आन्द्रेस्क्यु र न्युजिल्यान्डका माइकल भेनसको जोडीलाई ४–६, ६–४, १०–६ अंकले हराउँदै उपाधि चुमेको हो । 'विगत केही समयदेखि म चर्को मानसिक तनावमा थिएँ । मलाई सामान्य गल्तिका लागि ठूलो कारवाही गरिएको थियो,' मिक्स डबल्सतर्फको उपाधि जितेपछि मियुले भनिन्, 'यो उपाधिले मेरो घाउमा मल्हम लगाउने काम गरेको छ ।'




चार दिनअघि फ्रेन्च ओपनमा जापानकी मियु कातो र इन्डोनेसियाकी अल्दिला सुत्जिआदीको जोडीले महिला डबल्सतर्फको खेल खेलेको थियो । उक्त जोडीले तेस्रो चरणको खेलमा स्पेनकी सारा सोरिबेस टोर्मो र चेक गणतन्त्रकी मारी बुज्कोभाको जोडीसँग प्रतिस्पर्धा गरेको थियो । तर, खेलका क्रममा मियुले फालेको टेनिस बल एक 'बल गर्ल'को टाउकोमा ठोक्किएको थियो । उनले फालेको बलले 'बल गर्ल' को टाउको लागेपछि मियु र अल्दिलाको जोडीलाई खेलका लागि आयोजकले अयोग्य घोषित गरेका थिए ।

मियु र अल्दिलाको जोडी डबल्सतर्फ विश्व वरीयताको १६ औं स्थानमा थियो । तेस्रो चरणको पहिलो सेटको खेलमा मियु र अल्दिलाको जोडी आफ्ना प्रतिद्वन्द्वीसँग ७–६ अंकले पछि परेको थियो । दोस्रो सेटको खेलमा भने मियु र अल्दिलाको जोडी ३–१ अंकले अगाडि थियो । त्यसैबेला उक्त अप्रिय घटना भएको थियो । खेलका क्रममा अंक हासिल गरेपछि मियुले टेनिस बल आफ्नो पछाडि फालेकी थिइन् । दूर्भाग्यवस, उक्त बल मियुको पछाडि उभिएकी 'बल गर्ल'को टाउकोमा ठोक्किएको थियो ।

बलले टाउकोमा चोट लागेपछि ती 'बल गर्ल' रुन थालेकी थिइन् । तर, मियुले जानेर ती 'बल गर्ल' लाई हिर्काएकी थिइनन् । त्यसपछि अम्पायर एलेक्जेन्डर जुगले ग्रान्डस्लामको नियम उल्लंघन गरेको आरोपमा अन्य रेफ्री, आयोजक र खेलाडीसँग छलफल गरेका थिए । छलफलपछि मियु र अल्दिलाको जोडीलाई खेलका लागि अयोग्य घोषित गरिएको थियो ।

मियु र अल्दिलालाई अयोग्य घोषित गरिएपछि कोर्टमा उपस्थित दर्शक र सञ्चारकर्मीबाट आयोजकको चर्को आलोचना भएको थियो । मियुले जानेर 'बल गर्ल'लाई हिर्काएकी थिइनन् त्यसैले खेलाडीमाथि यति कडा कारवाही गर्न नहुने उनीहरुको धारणा थियो ।

त्यतिबेला टेनिसको समाचार संकल गरिरहेका सञ्चारकर्मी बेन रोथेनबर्गले पनि कडा कारवाहीले खेलाडीमाथि अन्याय भएको धारणा ब्यक्त गरेका थिए । 'यो कारबाही कडा हो । बल गर्ललाई जानेर हिर्काइएको थिएन । सर्भिसको पालो पनि विपक्षी खेलाडीको थियो त्यसैले मियुले बल पछाडि फाल्नु स्वभाविकै थियो,' उनले सामाजिक सञ्जाल ट्वीटरमा ट्वीट गरेका थिए ।

# एएफसी यू-२० छनोटमा नेपाल चीनसँग पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । एएफसी यू-२० महिला एसियन कप छनोटको दोस्रो चरणअन्तर्गत आज भएको खेलमा नेपाल चीनसँग पराजित भएको छ। म्यान्मारको थुवुन्ना स्टेडियममा भएको खेलमा नेपाल चीनसँग ५-० गोलअन्तरले पराजित भएको हो। नेपालको यो लगातार दोस्रो हार हो। यसअघि भएको पहिलो खेलमा नेपाल आयोजक म्यानमारसँग ०-५ गोलअन्तरले नै पराजित भएको थियो। शुक्रबार खेलको १६औँ मिनेटमा ओउयाङ युहयानले गोल गर्दै चीनलाई सुरुआती अग्रता दिलाइन् ।

त य स त ै होउ युसीले खेलको २६औँ मिनेटमा गोल गर्दै चीनको अग्रता दोब्बर बनाइन्। खेलको पहिलो हाफको अत्तिरिक्त समयमा चीनले दुई गोल थप्यो। चीनकी यिनली होङ र लु जुआयुले एक- एक गोल थपे। त्यसपछि खेलको ८९औँ मिनेटमा यु जियाकीले गोल गर्दै चीनलाई ५-० को जित दिलाए।

यस जितसँगै चीनले छ अङ्क जोडेको छ। चीनले पहिलो खेलमा चाइनिज ताइपेलाई १-० गोलअन्तरले पराजित गरेको थियो। अब नेपालले छनोट चरणको अन्तिम खेल जेठ २७ गते चाइनिज ताइपेसँग खेल्नेछ। प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल दोस्रो चरणमा पुगेको हो।


।। भावपूर्ण श्रद्धाञ्जली ।।



जन्म
२०११-१२-०२

स्वर्गारोहण
२०८०-०२-२५

स्व.प्रा. डा. रामकेवल साह

यस प्रतिष्ठानका संस्थापक उपकुलपति **प्रा.डा. रामकेवल साह** ज्यूको मिति २०८०।०२।२५ गते विहीबारका दिन असामयिक स्वर्गारोहण हुनु भएकोले हामी स्तब्ध भएका छौं । यस दुःखद् घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, परिवार**
मधेश प्रदेश, जनकपुरधाम



बन्दा बिक्री नभएर बारीमा सुकेर खेर जान थालेपछि किसानले वस्तुलाई खुवाउन थालेका छन् । *तस्बिरः रासस*

# समयमै काम नगर्नेको ठेक्का तोडिँदै




काठमाण्डु । सडक विभागले पटक-पटक अवधि थप हुँदा पनि सम्पन्न नभएका सडक र पुलको ठेक्का सम्झौता तोड्न थालेको छ । निर्माण सुरु भएर लामो समय बित्दासमेत अधुरै रहेका सडक र पुलका ठेक्का तोड्न थालिएको हो ।

सडक विभाग पुल महाशाखाका प्रमुख नरेशमान शाक्यका अनुसार कुनै ठेक्कामा ढिलाइ भए पनि सकेसम्म उसैबाट काम गराइने र काम हुने अवस्था नभएमा मात्रै तोडिने छ । गोरखामा बुङ्गार मकैसिङमा पुलको ठेक्का तोडिएर नयाँ ठेक्कामार्फत काम गर्न लागिएको उहाँले बताउनुभयो । त्रिशूली नदीमा पुल निर्माण नगरेपछि पप्पु कन्स्ट्रक्सनसँगको ठेक्का तोडेर नयाँ ठेक्कामार्फत निर्माण अघि बढाउन लागिएको छ । उहाँले भन्नुभयो, "यो आर्थिक वर्षमा सूचना निस्के अर्को वर्षमा निर्माण सुरु हुनेछ ।"

बाढीका कारण भाँसिएको धनुषा र सिराहा जोड्ने कमला पुलको मर्मत निर्माण कम्पनी आफैँले गरिरहेको प्रमुख शाक्यले बताउनुभयो। कमला नदीमा निर्माण व्यवसायी आफैँले मर्मत गरिरहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अर्को दुईवटा ठेक्का तोड्ने क्रममा रहेको छ।"

ठेक्का तोड्नका लागि पहिले सूचना निकाल्नेलगायत प्रक्रिया पुर्याउनुपर्ने हुँदा तोड्ने निर्णय भएर प्रक्रियामा जान केही समय लाग्ने प्रमुख शाक्यले बताउनुभयो । कारबाही अघि बढाइरहँदा पनि निर्माण व्यवसायीले काम गर्छु भनेर आउँदा त्यही कम्पनीलाई मौका दिने उहाँले बताउनुभयो । काम गर्छु भनेर पनि सन्तुष्ट प्रगति नहुँदा वा काम नै नहुँदा ठेक्का तोडिने उहाँले जानकारी दिनुभयो। शाक्यले भन्नुभयो, "गर्छु भनेर बलियो प्रमाणसहित आउँदा मौका दिइन्छ।"

मध्यपहाडी राजमार्गमा निर्माणाधीन चार सय किमी सडकमा कतिपय क्रोनिक ठेक्का रहेको इञ्जीनियर सुरज अधिकारीले जानकारी दिनुभयो । केही समय पहिले लामो समयदेखि सम्पन्न नभएको भेरी पुलको ठेक्का तोडिएको उहाँले बताउनुभयो । पाँचथरमा तीन ठेक्कासहित चालु आवमा पाँच ठेक्का तोडिएको छ । निर्माण व्यवसायीले पटक-पटक अवधि थप हुँदासमेत काम नगरेपछि ठेक्का तोडिएको उहाँले बताउनुभयो ।

सरकारले केही समय पहिले बर्दियाको जब्दीघाट खोला पुलको ठेक्का तोडेर नयाँ ठेक्कामार्फत निर्माण अघि बढाएको छ । लामो समयदेखि अलपत्र अवस्थामा रहेको बालाजु-त्रिशूली सडकको पनि ठेक्का तोडिसकिएको छ ।

विगत वर्षमा कहिले कोभिड-१९ का कारणले त कहिले सार्वजनिक खरिद नियमावलीमा भएको संशोधनका कारण निर्माण ठप्प रहेका ठेक्काको समेत अवधि थप हुने गरेको थियो ।

अहिले भने क्रोनिक ठेक्का व्यवस्थापनमा सडक विभागले मात्रै होइन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले समेत चासो देखाइरहेको छ । मन्त्रालयको जिम्मेवारीमा आएदेखि नै मन्त्री प्रकाश ज्वालाले काम नगर्नेको ठेक्का तोड्न चासो देखाउनुभएको छ। रासस

# घरजग्गा व्यवसायीले गरे गभर्नरसँग भेटवार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल जग्गा तथा आवास विकास महासंघ (एनएचएलडिएफ) का पदाधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीबीच भेट भएको छ।



आगामी मौद्रिक नीतिको सुझावका लागि गभर्नर अधिकारीकै पहलमा घरजग्गा व्यवसायीहरूको भेट भएको हो। गभर्नर अधिकारीले प्राथमिकता दिएर घरजग्गा व्यवसायीहरुबाट सुरूमै मौद्रिक नीतिको सुझाव ग्रहण गरेका हुन्।

राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा बिहीबार भएको भेटमा घरजग्गा व्यवसायीहरूले वर्तमान अवस्थामा रियल इस्टेट सेक्टरले भोगिरहेको समस्या समाधानका लागि पहल गर्न गभर्नर अधिकारीसँग माग गरेका छन् ।

महासंघका अध्यक्ष भेषराज लोहनी नेतृत्वको टोलीले गभर्नर अधिकारीलाई लोन टु भ्यालु रेसियो रियल इस्टेट कम्पनीहरूलाई ७० प्रतिशत पुर्‍याउन माग गरेको छ। अहिले उद्देश्य नखुलेकाहरूको हकमा लोन टु भ्यालु रेसियो काठमाडौं उपत्यका भित्र ३० र बाहिरको हकमा ४० प्रतिशत छ। उद्देश्य खुलेकाहरूको हकमा लोन टु भ्यालु रेसियो ६० प्रतिशत नै भएको राष्ट्र बैंकले व्यवसायीहरूलाई स्पष्ट पारेको थियो।

महासंघ टोलीले किस्ताबन्दीमा घरजग्गा किन्नेहरूको किस्ता मूल्यांकन बढाइदिन समेत माग गरेको छ। त्यसैगरी, अहिले घरजग्गा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा कायम जोखिम भार १५० प्रतिशतलाई घटाएर १०० प्रतिशत कायम गर्न आग्रह गरेका छन्। जवाफमा गभर्नर अधिकारीले घरजग्गा क्षेत्रमा आगामी मौद्रिक नीतिले खुकुलो व्यवस्था गर्ने बताएका छन्।

राष्ट्र बैंकले घरजग्गा क्षेत्रमा परेको असरलाई नजिकबाटै अनुभव गरिरहेको बताउँदै गभर्नर अधिकारीले यसले निर्माणसम्बन्धी काम नै कम भइरहेको बताएका छन्।

'निर्माण क्षेत्रलाई चलायमान बनाउन पनि घरजग्गा क्षेत्रलाई खुकुलो बनाउँछौं। यसलाई सुहाउँदो नीति नै हामीले ल्याउँछौं। पहिलो प्राथमिकतामा तपाईंहरूलाई राखेका छौं। हाम्रो टिमले घरजग्गा क्षेत्रलाई चलायमान बनाउन गहन छलफल गर्छौं। व्यवस्थितरूपमा कम्पनीमार्फत घरजग्गा कारोबार गर्नुपर्छ भन्ने तपाईंहरूको हकमा हामी सधै खुला छौं,' गभर्नर अधिकारीले व्यवसायीहरूसँग भने ।

# मकैका बोट मर्न थालेपछि कृषक चिन्तित

उदयपुर। त्रियुगा नगरपालिका क्षेत्रमा केही दिनयता देखापरेको सुक्खा खडेरीका कारण मकैका बोट मर्न थालेपछि कृषक चिन्तित बनेका छन् ।

त्रियुगा नगरपालिका क्षेत्रका खैराहा, पोर्ताह, लक्ष्मीपुर, विसनपुर, जोगिदह, मोथ्याई, खैजनपुर भुल्के, मोतिगडासहित, बगाहा, श्रीपुर क्षेत्रका खेतका मकैका बोट मर्न थालेपछि आफूहरु चिन्तित बनेको सम्बन्धित क्षेत्रका कृषक बताउँछन् ।

खैराहाका कृषक विष्णु कार्की भन्छन्, "आफ्नो भएको झन्डै एक बिघा जग्गा सबै खेतमा यसपटक मकैबाली लगाएको हुँ, जेठको दोस्रो हप्तादेखि राम्ररी मकैको सुत्ला लाग्न थालेको थियो, तर सुक्खा र खडेरी लागेपछि अहिले पात मर्न थाले, मकैको बोट पात सुकेर सिक्रिक्क परिसकेका छन्, यसपटकको मकैबाली खान नपाइने भयो ।"

पोर्ताहका कृषक देवीलाल चौधरीको पनि गुनासो कार्कीको उस्तै छ। चौधरी भन्नुहुन्छ, "आफ्नो खेतमा लगाएको मकैबाली सुरुमा राम्रो थियो, तर जेठको पहिला हप्तादेखि नै खडेरी पर्न थाल्यो, झनै दिनदिनै सुक्खा खडेरी लाग्न थालेपछि मकैको बोट मर्न थाल्यो, अहिले खेतको अधिकांश मकैका बोटमध्ये ५० प्रतिशत बोट त सुकी नै सके ।" भर्खर सुत्ला लाग्दै गरेको मकैको बोट धमाधम सुक्न थालेपछि लक्ष्मीपुर क्षेत्रका कृषकसमेत चिन्तित बन्न पुगेको छन् । लक्ष्मीपुरका छेदीलाल चौधरीका अनुसार मकैको बोट खडेरीले मर्नथालेपछि कतिपय कृषकले बोरिङ र घरको कलको मोटरबाटसमेत खेतमा सिँचाइ गरेर मकैको बोट बचाउने प्रयास गरेका छन् । यस्तै घरभन्दा टाढा सुक्खा खेतमा मकैखेती गर्नेका मकैका बोट सुकेर नै मर्न थालेको चौधरीले बताउनुभयो।

जोगिदहका कृषकका अनुसार यस क्षेत्रका खेतमा लगाइएको मकैको बोटमध्ये झन्डै २५ प्रतिशत बोट मर्न थालेको र अझै केही दिन सुक्खा खडेरी नै रहने सम्भावना रहेका कारण यस पटकको मकैबाली उठाउन सक्ने अवस्थामा नरहेका कारण आफूहरु निराश बन्न पुगेको कृषक बताउँछन् ।

गाउँघर नजिक खेतमा लगाइएको मकैबालीलाई कृषकले कल र मोटरबाट खेतमा सिँचाइ गरेर मकैको बोट बचाउने प्रयास गरिरहेका छन् भने सुक्खा ठाउँका खेत तथा गाउँभन्दा टाढाका खेतको मकैको बोट भने मर्न थालेको र बचाउन नसकिने अवस्था रहेको कृषक बताउँछन् । रासस


## धनुषा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाकोप्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा राय सुझावकोलागि सार्वजनिक सूचना

डिभिजन वन कार्यालय धनुषा अन्तर्गतका सम्पूर्ण कार्यक्षेत्रमा कार्यान्वयन गर्न प्रस्ताव गरिएको ५ वर्षे जिल्ला वन व्यवस्थापन कार्ययोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिचके कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका संघ संस्था तथा सरोकारवाला व्यक्तिको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार ठेगानाः**

**प्रस्तावक** : डिभिजन वन कार्यालय धनुषा, जनकपुरधाम
सम्पर्क नं.: ०४१-५२०१४१

**परामर्शदाता** : ईको अर्थ फाउण्डेशन नेपाल, काठमाण्डौ
**सम्पर्क नं.**: ९८५१०१९६७८



RDC Nepal Appointment for Change

## ग्रामीण विकास केन्द्र नेपाल
## रौतहट

Islamic Relief Nepal

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०२/२६**

ईस्लामिक रिलिफ नेपालको सहयोग तथा ग्रामीण विकास केन्द्र नेपालद्वारा यस रौतहट जिल्लामा संचालित Nutritional Food Support परियोजना अन्तर्गत पोषण खाद्यान्नका लागि राँगा, खसी खरिद गर्नु पर्ने भएकोले ईच्छुक आपुर्ती कर्ता/विक्रेताहरुबाट रीतपुर्वक सिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

| क्र.सं. | बोलपत्र नं. | विवरण | जनावरको संख्या | थप विवरण |
|---|---|---|---|---|
| १ | RDCN-TN 5-079/80 | भैंसी (Buffalo) | १७० वटा | भैंसी कम्तिमा जिउदो १६० के.जि र खसी ३० के.जि को हुनुपर्ने |
| | | खसी (He Goat) | १७० वटा | |

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिन भित्र ईच्छुक ईजाजत प्राप्त आपूर्तीकर्ता/विक्रेताले (१) दर्ता प्रमाण पत्र, (२) मु.अ.कर वा पानमा दर्ता भएको प्रमाणपत्र (३) आर्थिक वर्ष २०७८/७९ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिका साथ बोलपत्र सम्बन्धि फारम प्राप्त गर्न सकिन्छ वा pc@rdcnepal.org ईमेल मार्फत बोलपत्र सम्बन्धि फारम प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्र सम्बन्धि फारम र कागजात यस संस्थाको मुख्य कार्यालय चंद्रपुर ४, रौतहट वा शाखा कार्यालय गौर २ भन्सार रोड रौतहटबाट प्राप्त गर्न सकिन्छ ।
३. बोलपत्र सम्बन्धि कागजात (Hard Copy) रीतपूर्वक भरी प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी संस्थाको चन्द्रपुर वा गौर स्थित कार्यालयमा मिति २०८०/०२/३२ गते बेलुकी ५ बजे भित्र बुझाउनु पर्नेछ ।
४. बोलपत्र खोल्ने तथा निर्णय गर्ने अधिकार संस्थाको ग्रामीण विकास केन्द्र नेपाल निहित हुनेछ । कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार ग्रामीण विकास केन्द्र नेपाल समितिमा निहित रहने छ ।
५. बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्रको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ । सिलबन्दी बोल पत्र खोल्ने मिती २०८०।०३।०१ गते बिहान ११ बजेदेखि हुनेछ ।
६. बोलपत्र सम्बन्धि थप अन्य कुनै जानकारी आवश्यक भएमा यस संस्थाको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ वा संस्थाको pc@rdcnepal.org ईमेलबाट जानकारी प्राप्त गर्न सकिन्छ ।
८. यस सूचनामा उल्लेख गरिएका शर्तहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा यसै संस्थाको बन्दोबस्ती तथा खरिद नियमावलि २०२३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**ग्रामीण विकास केन्द्र नेपाल**
**गौर, रौतहट, मधेश प्रदेश**
**फोन.नं.९८५५०४६४९१/ ०५५-५२०२४०/०५५-५४०२०३**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०२/२८ गतेको जनकपुर टुडे तथा नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, साविक जनकपुर न.पा./गा.वि.स. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनषा, जनकपुरमा मिति २०६७ साल आश्विन महिना ०७ गते रोज ५ मा प्रा.फ.र.नं. २०७३/११२/०६७/०६८ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०५८/१२/१८ मा स्थायी लेखा नम्बर (PAN) ३००७७०८४७ अन्तर्गत दर्ता कायम भएको **अल्ट्रा इलेक्ट्रोनिक्स** ।

**प्रोप्राइटर : हिरा कुमारी साह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. भिखारी गुप्ताको बुहारी, दिनेश कुमार गुप्ताको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने **हिरा कुमारी साह** (ना.प्र.नं. ३९६९२१६९, जारी मिति २०४९/०८/२६, जि.प्र.का. धनुषा) । | २. महादेव गुप्ताको नाती, भिखारी गुप्ताको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने **दिनेश कुमार गुप्ता** (ना.प्र.नं. १७११०२/४६, जारी मिति २०६४/०१/२६, जि.प्र.का. धनुषा) । |
| ३. भिखारी गुप्ताको नाती, दिनेश कुमार गुप्ताको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने **आकाश गुप्ता** (ना.प्र.नं. १७११०२/९६२६, जारी मिति २०७०/११/०४, जि.प्र.का. धनुषा) । | ४. भिखारी गुप्ताको नाती, दिनेश कुमार गुप्ताको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने **अनुप कुमार गुप्ता** (ना.प्र.नं. १७११०२/८३३८, जारी मिति २०७०/०२/१३, जि.प्र.का. धनुषा) । |

**धितोको विवरण**

१. भिखारी गुप्ताको बुहारी, दिनेश कुमार गुप्ताको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने हिरा कुमारी साह (ना.प्र.नं. ३९६९२१६९, जारी मिति २०४९/०८/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. १६ स्थित कि.नं. १७० को क्षेत्रफल ४५९.३० (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. भिखारी गुप्ताको बुहारी, दिनेश कुमार गुप्ताको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने हिरा कुमारी साह (ना.प्र.नं. ३९६९२१६९, जारी मिति २०४९/०८/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १२० को क्षेत्रफल ०-०-६ बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. भिखारी गुप्ताको बुहारी, दिनेश कुमार गुप्ताको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने हिरा कुमारी साह (ना.प्र.नं. ३९६९२१६९, जारी मिति २०४९/०८/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. ६, ७, ८, १४, १५ र १६ को क्षेत्रफल क्रमशः ०-०-०-२, ०-०-०-११/२ , ०-०-०-११/२ , ०-०-०-३ , ०-०-०-३१/२ र ०-०-२-०१/२ (बिघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. धनुषा जिल्ला, साविक जनकपुर न.पा./गा.वि.स. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनषा, जनकपुरमा मिति २०६७ साल आश्विन महिना ०७ गते रोज ५ मा प्रा.फ.र.नं. २०७३/११२/०६७/०६८ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०५८/१२/१८ मा स्थायी लेखा नम्बर (PAN) ३००७७०८४७ अन्तर्गत दर्ता कायम भएको अल्ट्रा इलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।
५. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी अल्ट्रा इलेक्ट्रोनिक्स कायम भएको तपसिल बमोजिमका सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| TATA TIAGO XE | प्रदेश २-०२ ००१ च ०३७९ | 2020 | REVTRN02HZXK53273 | MAT6262041KH28596 |

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन : ०४१-५९०८७१
Website : www.siddharthabank.com

# मेयर, उपमेयर र हाकिमबीच विवाद

**ओम प्रकाश यादव**

गरुडा । रौतहटको देवाही गोनाही नगरपालिकामा जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबीच तालमेल नहुँदा विकास निर्माणका काम प्रभावित भएको छ ।

देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साह, उपमेयर परनिया देवी पटेल र प्रमुख प्रशासकीय अधिकृत सिकेन्द्र साहबीच रहेको आपसी विवाद, द्वन्द्व मतभेद तथा टकरावका कारण नगरमा विकास निर्माणका कामहरु ठप्प भएको स्थानीयहरुले गुनासो गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० को अन्तिम महिना असार आउन लागे पनि मेयर साह, उपमेयर पटेल र प्रशासकीय अधिकृत साहबीचको विवादका कारण अझै विकासका कामहरु अगाडि बढ्न नसक्दा करोडौं रकम फ्रिज हुने अवस्थामा पुगेको वडा नं. ९ धरहरीका किसुनदेव साहले बताए ।

मेयर प्रेमलाल साह र उपमेयर परनिया देवी पटेलबीच विवाद गराउन प्रशासकीय अधिकृत सिकेन्द्र साहले ठूलो भूमिका खेलेको बताइएको छ ।

आफ्ना व्यक्तिगत फाइदाका लागि प्रशासकीय अधिकृत साहले मेयर र उपमेयरबीच विवाद गराइ त्यसको लाभ लिइरहेको नाम सार्वजनिक नगर्ने शर्तमा एक वडा अध्यक्षले बताए।

मेयर प्रेमलाल साहले प्रशासकीय अधिकृत सिकेन्द्र साहलाई हटाएर अर्को हाकिम ल्याउन खोजेको र उपमेयर परनिया देवी पटेलले सिकेन्द्र साहलाई नै हाकिम राख्न खोजेको कारण तिनै जनाबीचको विवाद उत्कर्षमा पुगेको ती वडा अध्यक्षले बताए ।




हाकिम साहले जनप्रतिनिधिबीच विवाद गराई नगरपालिकामा रजाई गर्न थालेपछि नगरपालिका अहिले सुनशान बन्नुका साथै अस्तव्यस्त बनेको छ ।

हामिक साहले मेयरलाई नै बाइपास गरी आफुखुशी कामकाज गर्न थालेपछि मेयर साहले उनलाई हटाएर अर्को हाकिम ल्याउने कसरत गरिरहेका छन् । तर नगर प्रमुख साहले प्रमुख प्रशासकीय अधिकृत साहलाई सरुवा गराउन पुरै शक्ति लगाए पनि मन्त्रालयमा हाकिम साहको पावर र पहुचको अगाडि उनको शक्ति काम गर्न सकिरहेको छैन ।

कार्यालय प्रमुख साहले पावर र पहुचको भरमा नगरपालिका माथि कब्जा जमाउँदै आएका छन् । मेयर र केही जनप्रतिनिधिले मन्त्रालयबाट अर्को हाकिमको पत्र लिएर आए पनि कब्जा जमाइ बसेका कार्यालय प्रमुख साहले हाजिर हुन आएका नयाँ हाकिमलाई हाजिर हुन नदिएको जनप्रतिनिधिहरुको कथन छ ।

प्रमुख प्रशासकीय अधिकृत साहले जनप्रतिनिधि बाहेकका केही व्यक्तिलाई योजना दिने मनसाय राखेर मेयर र उपमेयरबीच विवाद सिर्जना गराएको नाम उल्लेख नगर्ने शर्तमा एक जना वडा सदस्यले बताएका छन् ।

सबै जनप्रतिधिलाई मिलाएर अगाडि बढनु कार्यालय प्रमुखको कर्तव्य हो तर देवाही गोनाही नगरपालिकाका कार्यालय प्रमुख सिकेन्द्र साहले जनप्रतिनिधिबीचको विवाद मिलाउनुको सट्टा उल्टै विवाद सृजना गराउन उद्यत रहेको पाइएको छ ।

जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले केही गर्छु भन्ने सोचिरहेका बेला कार्यालय प्रमुख साहले मेयर र उपमेयर बीच विवाद गराएर नगरपालिकामा आफ्नो सम्राज्य खडा गरेको ती वडा सदस्यको भनाइ छ ।

नगरपालिकामा कार्यालय प्रमुखको रुपमा सिकेन्द्र साह रहुन्जेलसम्म पालिकामा कुनै पनि विकास निर्माका कार्यहरु गति लिन नसक्ने स्थानीयहरु बताउँछन् ।

आफ्ना निहित स्वार्थ पूर्तिका लागि नगरको विकास निर्माणको कार्यमा कार्यालय प्रमुख साह बाधक बनेको भन्दै साहलाई फिर्ता बोलाएर अर्को हाकिम पठाउन स्थानीय वासिन्दाहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आग्रह गरेका छन् ।

मेयर, उपमेयर र कार्यालय प्रमुखबीचको विवादले गर्दा अहिले सो नगरपालिकामा संचालन रहेको नगर अस्पतालको अवस्था नाजुक बन्दै गएको छ । तिनै जनाबीच तालमेल नहुँदा हालै सञ्चालनमा आएको नगर अस्पतालमा औषधिको अभाव हुनुको साथै मेसिनहरु संचालनमा आउन नसकेको स्थानीयहरुले बताएका छन् ।

नगर असपतालमा सेवा लिन जाने सेवाग्राहीहरु मेसिनहरु संचालन नहुँदा सेवा लिनबाट बञ्चित हुँदै आएका छन् । अहिले चर्को गर्मीको समयमा अस्पतालमा दिनहु बिरामीको चाप बढ्दै गएको अवस्थामा अस्पतालमा औषधि नहुँदा बिरामीहरु औषधि बिना फर्किन बाध्य भएका छन् ।

मेयर, उपमेयर र हाकिमबीचको विवादका कारण विकास निर्माणका कामहरु ठप्प हुनुको साथै अन्य कामकाजहरुसमेत प्रभावित भइरहेकोले तीनै जनाले विवाद अन्त्य गरी पालिकाको फ्रिज हुन लागेको करोडौं रकम फ्रिज हुनबाट जोगाउनु आवश्यक रहेको स्थानीयवासीको कथन छ ।

# ‘केही संस्थाहरुले द्वन्द्व पीडितहरुको नाउँमा रोटी सेक्ने काम गर्दैछ’



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले द्वन्द्वको व्यवस्थान गर्न सकिए मुलुक अग्रगतिमा अघि बढ्ने र व्यवस्थापन गर्न नसके मुलुक अधोगतितर्फ उन्मुख हुने जिकिर गरेका छन् ।

नेपाल पुनर्स्थापकीय न्याय मञ्चद्वारा शुक्रबार जनकपुरधाममा आयोजित ‘नेपालको संक्रमणकालीन न्यायमा परिपूरण र मेलमिलाप सम्बन्धी परामर्श. बैठक’मा सभामुख मण्डलले परिवर्तनको निम्ति द्वन्द्व अपरिहार्य रहने गरेको उल्लेख गरे ।

द्वन्द्व पीडितलाई परि पूरण गर्नका लागि राज्यले मध्यस्थकर्ताको भूमिका निर्वाह गरिदिनु पर्ने र दुबै पक्षको समझदारीले व्यवस्थापन गर्नु अहिलेको आवश्यकता रहेकोमा उनले जोड दिए ।

सभामुख मण्डलले केही संघ संस्थाहरुले द्वन्द्व पीडितहरुको नाउँमा रोटी सेक्ने काम गरेको आरोप समेत लगाए ।

उनले द्वन्द्वका दुबै पक्षले आत्मबोध गरेर मेलमिलाप गरी तत्काल सम्झौता गरेर समस्या समाधानको कुनै अर्को विकल्प नरहेको उनले प्रष्ट पारे ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुरले द्वन्द्वकालमा भएको घटनाहरुलाई घाउको संज्ञा दिँदै राज्य र अधिकारवादीहरुले यसलाई क्यान्सरमा विस्तार गर्ने कार्य गरेको टिप्पणी गरे । नेपालको न्याय प्रणाली अहिले पनि विभेदपूर्ण रहेको आरोपसमेत लगाए ।

‘सिंहदरबारदेखिगाउँपालिकासम्म सरकार विकेन्द्रीकरण भइसक्यो तर न्याय प्रणाली अहिले पनि एकाधिकार कायम गर्ने मानसिकतामा देखिएको छ’,उनले बताए ।

पञ्चायतकालदेखिअहिलेसम्म न्याय प्रणालीले आफूलाई सोही अवस्थामा राख्न चाहेकोले समाजको कुनै पनि समस्या समाधान हुनु भन्दा पनि झन बल्झिएर गएको छ ।

कार्यक्रममा मञ्चका संस्थापक अध्यक्ष राम तिवारीले द्वन्द्वकालमा भएको गम्भीर प्रकृतिको घटनामा सजायको कुरो होला तर अहिले तत्कालका लागि द्वन्द्वकालमा अंगभंग भएका मात्र होइन मारिएका वेपत्ता परिवारलाई राहतको विशेष प्याकेज ल्याउनका लागि स्थानीय तहबाटै काम शुरु गर्नुपर्ने सुझाव दिए ।

इन्सेक मधेश प्रदेशका प्रमुख राजु पासमानले गम्भीर प्रकृतिका मानवता विरुद्धको अपराधमा कुनै हालतमा क्षमादान गर्न नहुने धारणा राखे ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रमुख मंजु खतिवडाले द्वन्द्व भएको लामो समय वितिसक्दा पनि पीडितहरुको समस्या जस्ताको त्यस्तै रहनुले राज्यको नियतिमाथि प्रश्न उठाएको बताइन् ।

ओरेक धनुषाकी संयोजक सिर्जना अर्यालले द्वन्द्वकालमा सबभन्दा बढी महिलाहरु प्रभावित भएकोले पीडित महिलाहरुको परिपूरणको लागि राज्य गम्भीर हुन जरुरी रहेको बताइन् ।

कार्यक्रममा द्वन्द्वपीडित,शहीद परिवारका सदस्यहरुले राज्यले राहतमासमेत विभेद गरिरहेको आरोप लगाएका थिए ।

# डा.साहप्रति श्रद्धाञ्जली



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. रामकेवल साहप्रति मधेश प्रदेशका मुख्यमन्त्रीसहितका विशिष्ठ व्यक्तिहरुले श्रद्धाञ्जली अर्पण गरेका छन् ।

क्यान्सर रोगको उपचारको क्रममा ६९ वर्षीय डा. साहको भारतको एनसीआरमा पर्ने गुडगाउँ स्थित नारायणा अस्पतालमा उपचारकै क्रममा बिहीबार बिहान ३ बजे निधन भएको थियो ।

भारतबाट डा. साहको पार्थिक शरीरलाई जनकपुरधाम ल्याई प्रतिष्ठानको प्राङ्गणमा राखिएको थियो ।

त्यहाँ मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, जसपा अध्यक्ष उपेन्द्र यादव, नेकपा माओवादी केन्द्रका नेता मातृका प्रसाद यादव, मधेश सरकारका मन्त्रीहरु वीरेन्द्र सिंह, सुरिता साह, संजय यादव, जनकपुरधाम उपमहानगरपालिकका मेयर मनोज कुमार साह, पूर्वमेयर लालकिशोर साह, वृषेशचन्द्र लाल, सबैला नगरपालिका प्रमुख कारीराम यादव, पूर्व सांसद प्रमोद साह, एमाले नेता शिवशंकर साह हिरा, जसपा नेता बलराम महतो समाजसेवी ई.सत्यनारायण साह, वरिष्ठ चिकित्सक हुकुमदेव साह, वरिष्ठ चिकित्स तथा स्व. साहका सहयात्रीहरु, प्रतिष्ठान र प्रादेशिक अस्पतालका पदाधिकारी, चिकित्सक नर्स तथा कर्मचारीहरुसहित जनकपुरधामका अगुवाहरुले डा. साहको पार्थिक शरीरमा पुष्प अर्पणसहित श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

करीब दुई दशक देखि मधेशको मुद्दा र मधेश आन्दोलनको पक्षमा थिंक ट्यांकका रुपमा काम गर्दै प्रथम मधेश सरकार बनेपछि मधेशको स्वास्थ्य क्षेत्रको विकासका लागि मधेश सरकारको स्वास्थ्य सल्लाहकार हुँदै प्रतिष्ठानको उपकुलपति बनेर सेवा गरिरहेका डा.साहको निधनले मधेश शोकाकुल छ ।

मधेश मुद्दाका अगुवाहरुले उनको निधनमा शोक ब्यक्त गरिरहेका छन् । केही समययता कलेजो सम्बन्धी रोगका कारण स्वास्थ्य स्थिति गम्भीर भएपछि डा. साहलाई उपचारका लागि भारत लगिएको थियो । नेपाल मेडिकल कलेजमा लामो समय अध्यापन गरेका प्राध्यापक डा.साह सेवा निवृत्त भएलगत्तै प्रतिष्ठानका उपकुलपतिमा नियुक्त भएका थिए ।

यसअघि अर्थोपेडिक्स सर्जन डा.साह केही वर्ष सरकारी सेवामा संलग्न रहेका थिए । २०२६ सालमा जनकपुरधामस्थित सरस्वती मा.वि.बाट प्रवेशिका परीक्षा उतीर्ण गरेका डा. साह सो परीक्षामा देशभरिमै तेस्रो स्थान प्राप्त गर्न सफल भएका थिए ।

कक्षा आठसम्म भने उनी आफनो जन्मथलो धनुषाको सबैला छेउ रघुनाथपुरको फकिरचन्द गामी उच्चा मा.वि बरकुर्वा स्थित विद्यालयमा अध्ययन गरेका थिए ।

त्यसपछि अमृत साइन्स क्याम्पसबाट आएससी अध्ययन गरेका डा.साह भारतको मेरठ मेडिकल कलेजबाट एमबिबीएस र एमएस पढेका थिए । बेलायतको लिभरपुलबाट एमसीएचमा स्वर्णपदक प्राप्त गरेका उनी पछिल्लो समय मधेशको हकहितको विभिन्न सन्दर्भमा थिंक ट्यांकका रुपमा काम गर्दै आएका थिए । उनको दुई छोरा र श्रीमती छन् ।

# ‘मणिपाल कलेज निर्माण नहुनु दुःखद’



**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्रले जलेश्वरमा मणिपाल कलेजको निर्माण नभएकोमा दुःख व्यक्त गरेका छन्।

सदरमुकाम जलेश्वरमा अम्बिका हस्पिटल एनड रिसर्च सेन्टरको उद्‌घाटन गर्दै उनले मणिपाल कलेज निर्माणको योगदानकर्ता नेपाली कांग्रेस भए पनि लामो अवधि वितिसक्दा पनि निर्माण नहुनु दुःखद रहेको बताए ।

आफू मधेश प्रदेशको प्रमुख भए पनि महोत्तरी आफ्नो गृहनगर भएकाले बढी चासो र चिन्ता हुने गरेको बताउँदै प्रदेश प्रमुख मिश्रले भने, “महोत्तरीको विकासमा म सदैव सकारात्मक छु।”

जलेश्वरमा दुई दशकदेखि मणिपाल इन्जिनियरिङ कलेज निर्माणको चर्चा चले पनि अहिलेसम्म निर्माण हुन सकेको छैन। यस क्षेत्रका वासिन्दाले जलेश्वरको विकासका लागि मणिपाल ग्रुपलाई सस्तो दरमा जग्गा दिए पनि सो ग्रुपले अहिलेसम्म कलेज निर्माण सुरु गरेको छैन। जलेश्वरमा निजी क्षेत्रको अस्पताल हुनु मेडिकल क्षेत्रका लागि राम्रो भएको बताउँदै उनले जलेश्वरको विकासमा यो अस्पताल एउटा कोसेढुङ्गा हुने विश्वास व्यक्त गरे।

अस्पतालले इमर्जेन्सीसहित अर्थो, गाइनो, एसएनसियुलगायतका विविध स्वास्थ्य सेवा दिने जनाएको छ।

# पुनः एक साताका लागि विद्यालय बन्द

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले पुनः एक साताका लागि शिक्षण संस्था बन्द गर्ने निर्णय गरेको छ ।

वीरगञ्ज महानगरपालिकाले सूचना जारी गर्दै गर्मी झनै बढ्दै गएको र सर्वसाधारणको जनजीवनसमेत थप पीडादायी भएसँगै पुन एक साताका लागि महानगर अन्तर्गतका मुदायिक तथा निजी विद्यालयहरू बन्द गर्ने निर्णय गरेको वीरगञ्ज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्द लाल कर्णले जानकारी दिए ।

यसअघि गर्मीका कारण कक्षा कोठामा बालबालिकाहरू बेहोस तथा बिरामी हुन थालेपछि महानगरले जेठ १९ गतेदेखि २६ गतेसम्म सबै सामुदायिक र संस्थागत विद्यालयहरू बन्द गरेको थियो ।

पछिल्लो समय गर्मी झनै बढ्दै गएको हुँदा बालबालिकाको स्वास्थ्यलाई




मध्यनजर गर्दै थप एक साता अर्थात् असार १ गतेसम्मका लागि सम्पूर्ण विद्यालय बन्द गर्ने निर्णय गरिएको वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले जानकारी दिए ।

अहिले पनि बारा, पर्सा लगायत तराईका जिल्लाहरूमा गर्मी घट्नुको साटो बढ्दै गइरहेको छ । चिकित्सकहरूले तातो हावा तथा लु चलेको हुँदा सकेसम्म घरबाट बाहिर ननिस्कन सर्वसाधारणलाई सुझाव दिएका छन् ।

वीरगञ्जलगायत तराई मधेशमा शुक्रबार अधिकतम तापक्रम ४४ डिग्री सेल्सियस पुगेको छ । त्यस्तै, बिहीबार मात्रै वीरगञ्जको अधिकतम तापक्रम ४३ डिग्री सेल्सियस रहेको थियो ।

मौसम पूर्वानुमान शाखाले अहिले पानी पर्ने सम्भावना नरहेको भन्दै अझैं कहिदिन गर्मी रहने र तातो हावा चल्ने भएको हुँदा सचेत हुन आग्रह गरेको छ ।

गर्मीका कारण वीगरञ्जमा समेत खानेपानीको हाहाकार भएको छ । नगर क्षेत्रका हजारौं खानेपानीका चापाकल धारा सुकेपछि सर्वसाधारण प्रभावित भएका छन् ।

# मलंगवा नगरपालिकाको कित्ता काट खुल्यो

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको जग्गाको कित्ता काट खुलाएको छ ।

पालिकाले सूचना जारी गर्दै आफ्नो अधिकार क्षेत्र भित्र पर्ने जग्गाको कित्ता काट खुलाएको छ ।

नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको ‘भू-उपयोग ऐन २०७६ र नियमावली २०७९ अनुसार स्थानीय तह भू-उपयोग परिषद्‌बाट नापी कार्यालय सर्लाही र परामर्शदाता कम्पनीसंगको सहकार्यमा भू उपयोग २०७९ र वर्गीकृत नक्सा तयार गरी सोका आधारमा कित्ताको विवरण स्थानीय राजपत्रमा २०८० जेठ ९ गते प्रकाशन गरिसकिएकोले जेठ २६ गतेदेखि कित्ता काट फुकुवा गरेको सूचना अधिकृत राजकुमार अधिकारीले जानकारी दिए।

जग्गा कित्ताकाट रोकिएको कारण लामो समयदेखि सास्ती भोग्नुको साथै विभिन्न कामहरु गर्न-गराउन नपाएका नगरपालिकका वासीहरुले शुक्रबारदेखि जग्गा सम्बन्धी कामहरु गर्न पाउने भएका छन् ।

जिल्लाका २० वटा स्थानीय तहहरु मध्येबाट नगरपालिकाका जग्गाको कित्ता काट खोलाउने पहिलो पालिका बन्न सफल भएको भन्दै मालपोत कार्यालय मलंगवाका प्रमुख पनिलाल यादवले नगरप्रमुख नागेन्द्र प्रसाद यादवले बताए ।

# अवैध सामान बरामद

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले करीब एक लाख बराबरको अवैध सामान बरामद गरेको छ ।

भारतबाट नेपालतर्फ भन्सार छली गरी ल्याउँदै गरेको अवस्थामा जलेश्वर नगरपालिका-३ बाट ३५ हजार भन्दा बढी मूल्य बराबरको सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी दिलीप कुमार गिरिले जानकारी दिए ।

उनका अनुसार प्रहरी चौकी भिठ्ठामोड महोत्तरीबाट खटेको प्रहरी टोलीले बरामद गरेको कपडाहरु जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइएको छ । शुक्रबार सो सामानहरु बुझाइएको उनले बताए ।

त्यसैगरी,भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली गरी विभिन्न किसिमका किराना सामानहरु ल्याउँदै गरेको अवस्थामा मटिहानी नगरपालिका-३ बाट प्रहरीले बरामद गरेको छ ।

प्रहरी चौकी धिरापुरबाट खटेको टोलीलाई देख्नासाथ भरियाहरु भागेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

बरामद गरिएका सामानहरु ५५ हजार भन्दा बढी मूल्यको रहेको जनाइएको छ । बरामद सामानहरु शुक्रबार जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइएको सूचना अधिकारी गिरिले बताए ।

**जातीय छुवाछुत तथा विभेद कानूनी अपराध हो**

नेपालको संविधान, २०७२ को प्रस्तावना तथा मौलिक हकका रूपमा छुवाछुत र जातीय विभेदविरुद्धको अधिकारको प्रत्याभूति गरिएको छ । संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुत तथा विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिज्ञा गरिएको छ ।

धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था छ । धारा १८ मा सबै नागरिक कानूनका दृष्टिमा समान हुने व्यवस्था छ । धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक एवं धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हक प्रत्याभूत गरिएको छ । यसअनुसार, कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति जात-जाति, समुदाय वा पेसा-व्यवसायका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा छुवाछुत तथा भेदभाव गर्न पाइँदैन ।

त्यसैले कोही कसैमाथि छुवाछुत एवम् भेदभाव नगरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८